# प्रभाव दैनिक
National Daily

वर्ष १३ | अंक ८९ | काठमाडौँ | मंगलबार, ०५ साउन २०८३ | Prabhab National Daily | Tuesday, 21 July 2026 | www .prabhabonline .com | पृष्ठ ८ | मूल्य रू. ५ ।–



**स्वच्छ सहर: स्वस्थ सहर**

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं,
- सवारीसाधनको समय–समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमामात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
- सार्वजनिक स्थलका बोट–विरूवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समय–समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

सहरलाई सफा राखौं: सुन्दर बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड




फिफा विश्वकप–२०२६ को उपाधि जितेको स्पेनका खेलाडीहरू ट्रफीसहित खुसियाली मनाउँदै । आइतबार राति अमेरिकामा भएको फाइनल खेलमा अर्जेन्टिनालाई १–० गोलले पराजित गर्दै स्पेन दोस्रोपटक विश्वविजेता बन्न सफल भएको हो । (समाचार पृष्ठ ६ मा) *तस्विर: एएफपी*

# ‘माननीय’ शब्दकै मानमर्दन

# सांसदको बोलीमा हरायो मर्यादा

- राप्रपा संसदीय दलका नेता ज्ञानेन्द्र शाही र रास्वपा सांसद खगेन्द्र सुनारबीच सामाजिक सञ्जालमा जुहारी
- एकअर्काविरूद्ध आक्रामक देखिएका सांसद शाही र सुनारले प्रयोग गरेका भाषा संसदीय मर्यादाविपरीत
- सांसदहरूको अभिव्यक्ति र व्यवहार सांसदको जस्तो हुन छाडेकोप्रति सरोकारवालाको चासो
- सांसदहरूलाई संसदीय मामिलासम्बन्धी दिइएको प्रशिक्षण प्रभावहीन



**खगेन्द्र सुनार**
रास्वपा सांसद



**ज्ञानबहादुर शाही**
राप्रपा संसदीय दलका नेता

■ **जेबी योञ्जन**

**काठमाडौं–** जनताको सर्वोच्च प्रतिनिधिमूलक संस्था संसद्मा पुग्ने सांसदबाट संयमित अभिव्यक्ति, शालीन व्यवहार र लोकतान्त्रिक संस्कारको अपेक्षा गरिन्छ । पदीय गरिमा र मर्यादा कायम गर्नु त स्वयंको दायित्व पनि हो ।

तर, पछिल्ला दिनमा सांसदहरूको सार्वजनिक अभिव्यक्ति, सामाजिक सञ्जालमा प्रस्तुत हुने शैली र सार्वजनिक कार्यक्रममा देखिने व्यवहारले उनीहरू पदीय गरिमा र सांसदको मर्यादाबाट टाढिँदै गएका छन् । यसको पछिल्लो उदाहरण बनेको छ- जापान भ्रमणमा रहेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संसदीय दलका नेता ज्ञानबहादुर शाही र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद खगेन्द्र सुनारबीचको सार्वजनिक विवाद ।

जापानस्थित नेपाली समुदायले आयोजना गरेको कार्यक्रममा सहभागी हुन पुगेका दुवै सांसदले प्रवासी नेपालीका समस्या, नेपाल-जापान सम्बन्ध वा सहकार्यका विषयमा केन्द्रित हुनुभन्दा एकअर्कामाथि आरोप-प्रत्यारोप गर्न बढी समय खर्चिए । कार्यक्रमको मञ्चमै सुरु भएको कटाक्ष त्यसपछि फेसबुक लाइभ, सामाजिक सञ्जाल र सार्वजनिक अभिव्यक्तिसम्म फैलियो ।

शाहीले कार्यक्रममा बोल्दै रास्वपाका सांसद सुनारको नामै लिएर टिप्पणी गरे । उनले विदेशमा रहेका नेपालीका हकहितका विषय उठाउँदा ‘खगेन्द्रजी जस्तो नमस्कार गरेरमात्र होइन, औंला ठड्याएर पनि भन्नुपर्छ’ भन्दै कटाक्ष गरे ।

त्यसपछि फेसबुक लाइभमा आएका शाही अझ आक्रामक देखिए । उनले आफूविरुद्ध टिप्पणी गर्ने रास्वपा समर्थकलाई लक्षित गर्दै अपमानजनक शब्द प्रयोग गरे । सहकारी प्रकरण, गाँजा सेवन, विभिन्न समूह र व्यक्तिलाई जोडेर दिएको अभिव्यक्तिमा व्यक्तिगत आक्षेप, गालीगलौज र चुनौती मिसिएको थियो । केही शब्द यति अशोभनीय थिए कि सामाजिक सञ्जालमा प्रसारित भिडियोमा ‘बिप’ राखेरमात्र सार्वजनिक गर्नुपर्ने अवस्था सिर्जना भयो ।

विवाद बढेपछि शाहीले ‘जापानको रक्सी कडा रहेछ’ शीर्षकमा व्यंग्यात्मक स्टाटस लेख्दै आफूले बोलेका शब्दको बचाउ गरे । उनले सहकारी ठगी ग्याङ र अन्य आरोप दोहोर्‍याउँदै आलोचकहरूलाई चुनौतीपूर्ण शैलीमै जवाफ दिए ।



> सांसदको बोली र व्यवहार व्यक्तिगत होइन, त्यसले संसद् र राज्यकै प्रतिष्ठा प्रतिनिधित्व गर्छ तर अचेल त्यस्तो सुनिँदैन ।
>
> ■ **हर्कराज राई**
> संसद्का पूर्वसचिव

उता रास्वपाका सांसद खगेन्द्र सुनार पनि संयमित देखिएनन् । उनले सामाजिक सञ्जालमा लेखे, ‘भारत गएर आधा सिए, जापान गएर आधा पिए, नेपालमा राजाको कुरा, जापान पुगेर गाँजाको कुरा, देख्यौं हैन जापानी तरक, यही हो साथी जाँड खाने र नखानेमा फरक ।’

उनले भिडियोमार्फत पनि शाहीप्रति कटाक्ष गरे । यसले विवाद थप चर्कियो । यद्यपि, जापानकै कार्यक्रममा बोल्दा सुनारले आफू प्रधानमन्त्री वालेन्द्र शाह र पार्टी सभापति रवि लामिछानेको सन्देश लिएर आएको उल्लेख गर्दै नेपाल जापानी लगानी र सहकार्यका लागि खुला रहेको बताएका थिए ।

तर, त्यो सकारात्मक सन्देशभन्दा उनीहरूको आपसी विवाद नै सामाजिक सञ्जालमा बढी चर्चाको विषय बन्यो ।

शाहीको फेसबुक लाइभपछि रास्वपाको जापानस्थित प्रवास नेपाली सम्पर्क विभागले औपचारिक विज्ञप्ति नै जारी गर्‍यो । विभागले सांसद शाहीको अभिव्यक्तिलाई अपमानजनक, असंयमित तथा लोकतान्त्रिक मूल्यमान्यताविपरीत भएको उल्लेख गर्दै सार्वजनिक रूपमा क्षमा माग्न आग्रह गरेको छ । अन्यथा संवैधानिक र कानुनी प्रक्रिया अघि बढाउने चेतावनीसमेत दिएको छ ।

यो त प्रतिनिधिमूलक घटनामात्रै हो । श्रम संस्कृति पार्टीका अध्यक्ष तथा सांसद हर्क साम्पाङले पूर्वसचिव भीम उपाध्यायलाई ‘ढेंडुमुखे’ भन्दै सार्वजनिकरूपमा अपमान गरेका थिए । १७ जेठको संसद् बैठकमा एमाले सांसद रिंगला यादव, कांग्रेस सांसद सन्तोष सुब्बालगायत सभामुखको आसनतिर उफ्रिन खोजेका थिए । असंसदीय भाषा प्रयोग गर्दै आलोचना गर्नु त सामान्य बनिसक्यो ।

संसद्का पूर्वसचिव हर्कराज राई सांसदहरूको अभिव्यक्ति र व्यवहार सांसदको जस्तो हुन छाडेको बताउँछन् । उनी भन्छन्, ‘सांसदको बोली र व्यवहार व्यक्तिगत होइन, त्यसले संसद् र राज्यकै प्रतिष्ठा प्रतिनिधित्व गर्छ तर अचेल त्यस्तो सुनिँदैन ।’

क्रमशः पृष्ठ २ मा

# स्थायी पदपूर्ति रोक्ने निर्णयमा प्रधानमन्त्री र मुख्यसचिवबीचमै देखिएन तालमेल

- **सोमबार दिउँसो सचिवस्तरीय बैठकको निर्णय:** चालु आर्थिक वर्ष प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृतिविना नेपाल सरकारका कुनै पनि कार्यालयले स्थायी पदपूर्ति नगर्ने र स्थायी पदपूर्तिका लागि लोकसेवा आयोगमा माग नगर्ने, नगराउने





- **सोमबार साँझ प्रधानमन्त्री कार्यालयको प्रस्टीकरण:** यदि कुनै पदमा पदपूर्ति गर्न आवश्यक भएको, फाजिलमा रहेका कर्मचारीको व्यवस्थापन भइसकेपछि कुनै पद रिक्त भएको वा संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट कायम भएका नयाँ स्वीकृत दरबन्दीको रिक्त पदमा पदपूर्ति गर्नुपर्ने अवस्था भएको खण्डमा त्यस्ता पदमा स्थायी पदपूर्तिका लागि नियमितरूपमा लोकसेवा आयोगमा माग गरिने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** स्थायी पदपूर्तिसम्बन्धी निर्णयमा प्रधानमन्त्री र मुख्यसचिवबीचमै तालमेल नभएको देखिएको छ । सोमबार चालु आर्थिक वर्षमा प्रधानमन्त्री कार्यालयको स्वीकृतिविना नेपाल सरकारका कुनै पनि कार्यालयले स्थायी पदपूर्ति नगर्ने र स्थायी पदपूर्तिका लागि लोकसेवा आयोगमा माग नगर्ने, नगराउने निर्णय सचिवस्तरीय बैठकले गरेको थियो ।

तर, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सोमबार साँझ प्रेस विज्ञप्ति जारी गर्दै उक्त निर्णयमा प्रस्टीकरण दिएको छ । जसमा आवश्यक परे लोकसेवामार्फत नियमित स्थायी पदपूर्ति गर्न सकिने उल्लेख छ ।

मुख्यसचिव गोविन्दबहादुर कार्कीको अध्यक्षतामा बसेको सचिवस्तरीय बैठकले गरेको निर्णयमा भनिएको थियो, ‘नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएण्डएम) अनुरूप नेपाल सरकारका विभिन्न दरबन्दीहरू घट्दा फाजिलमा पर्ने कर्मचारी

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# व्यवसाय बन्द गर्ने तयारीमा वैदेशिक रोजगार व्यवसायी

## श्रमिक पठाउने प्रक्रिया १० दिनभित्र सक्न व्यवसायीलाई संघको अनुरोध

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार व्यवसायीहरूले व्यवसाय बन्द गरेर सरकारलाई दबाब दिने तयारी गरेका छन् । वालेन्द्र शाह नेतृत्वको सरकारले ठगी नियन्त्रणको नाममा व्यवसायीमाथि कारबाही बढाएको भन्दै व्यवसायीहरू व्यवसाय बन्द गर्ने तयारीमा जुटेका हुन् ।

वैदेशिक रोजगार व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघको सोमबार बसेको पदाधिकारी बैठकले यस्तो निर्णय गरेको संघले जानकारी दिएको छ । संघका महासचिव हिराबहादुर डाँगीले सम्पूर्ण व्यवसायीलाई वैदेशिक रोजगारीमा श्रमिक पठाउने प्रक्रिया १० दिनभित्र सम्पन्न गर्न अनुरोध गर्ने निर्णय गरिएको बताए । कानुनको पालना गर्दै व्यवसाय सञ्चालन गर्न व्यवहारतः जटिल र चुनौतीपूर्ण अवस्था सिर्जना भएकोले छिट्टै व्यवसायीहरूको भेला बोलाएर व्यवसाय बन्द गरिने उनको भनाइ छ ।

‘चाँडै पत्रकार सम्मेलन गरेर व्यवसायीको भेला बोलाउने र व्यवसाय बन्द गर्ने निर्णय भएको छ । अहिलेको अवस्थामा यसरी सरकारलाई सहयोग गर्छौं,’ महासचिव डाँगीले भने, ‘सम्पूर्ण व्यवसायीलाई हाल श्रमिक पठाउने प्रक्रियाको अन्तिम चरणमा रहेका सबै श्रमिकहरूको प्रस्थान यथासम्भव आगामी १० दिनभित्र सम्पन्न गरिसक्नुहुन अनुरोध गर्दछौं ।’

संघले हालको जटिल अवस्थालाई समयानुकूल बनाउन वैदेशिक रोजगार ऐन तथा नियमावली संशोधन, वैज्ञानिक एवं व्यावहारिक सेवा शुल्क व्यवस्थापन, श्रमिकको लागत खर्च निर्धारण, एकाधिकारको अन्त्य, हवाई भाडादर समायोजन, वैदेशिक रोजगारमा जाने श्रमिकलाई उपलब्ध गराइने भनिएको विनाधितो वा सहुलियतपूर्ण कर्जाको प्रभावकारी कार्यान्वयन, तथा नगदरहित कारोबारका लागि डिजिटल संयन्त्रको व्यवस्थालगायतका विषयहरूलाई सम्बोधन गराउन निरन्तर सम्बन्धित निकायहरूसँग पहल गर्दै आएको जनाएको छ ।



> चाँडै पत्रकार सम्मेलन गरेर व्यवसायीको भेला बोलाउने र व्यवसाय बन्द गर्ने निर्णय भएको छ । अहिलेको अवस्थामा यसरी सरकारलाई सहयोग गर्छौं । सम्पूर्ण व्यवसायीलाई हाल श्रमिक पठाउने प्रक्रियाको अन्तिम चरणमा रहेका सबै श्रमिकहरूको प्रस्थान यथासम्भव आगामी १० दिनभित्र सम्पन्न गरिसक्नुहुन अनुरोध गर्दछौं ।
>
> ■ **हिराबहादुर डाँगी**
> महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

क्रमशः पृष्ठ २ मा

# दक्षिण कोरियामा विदेशी कामदारका लागि नयाँ नियम लागू गरिँदै

## रोजगार सुरु गर्नुअघि सुरक्षा र स्वास्थ्य तालिम अनिवार्य लिनुपर्ने

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** दक्षिण कोरियाको राष्ट्रिय सभाले आप्रवासी कामदारलाई रोजगार सुरू गर्नुअघि सुरक्षा र स्वास्थ्य तालिम अनिवार्य गराउने व्यवस्थासहितको विधेयक पारित गरेको छ । उक्त विधेयक पारित भएसँगै नयाँ कानुनको रूपमा कार्यान्यवन गर्ने तयारी गरिएको द हेराल्ड इनसाइटले उल्लेख गरेको छ ।

यद्यपि, सो कानुन लागू हुनुअघि रोजगार तथा श्रम मन्त्रालयले रोजगारदाताले कसरी अनिवार्य प्रशिक्षण प्रदान गर्ने भन्नेबारे थप मार्गनिर्देशन जारी गर्ने जनाइएको छ । विगतमा कोरिया पुग्ने विदेशी श्रमिकले काममा नियुक्त भइसकेपछि मात्र रोजगारदाताबाट सुरक्षा प्रशिक्षण पाउँथे । नयाँ कानुनअनुसार, श्रमिकहरूले काममा नियुक्त हुनुअघि अनिवार्य आधारभूत व्यावसायिक सुरक्षा र स्वास्थ्य प्रशिक्षण पाउने छन् ।

प्रशिक्षणमा आधारभूत कार्यस्थल जोखिम, सुरक्षात्मक उपकरणको सही प्रयोग र आपत्कालीन प्रतिक्रिया प्रक्रियाजस्ता आधारभूत सुरक्षा नियम समेटिने द हेराल्ड इनसाइटले उल्लेख गरेको छ । जसको उद्देश्य कामदारले आफ्नो काम सुरू गर्नुअघि आवश्यक सुरक्षा स्थितिको जानकारी लिन सकून् भन्ने रहेको जनाइएको छ ।

हाल कोरियामा १० लाखभन्दा बढी विदेशी कामदार कार्यरत रहेको सरकारी तथ्यांक छ । जसमा धेरै विदेशी श्रमिक जोखिमयुक्त क्षेत्रमा काम गर्छन् । कोरियाले प्रत्येक वर्ष निर्माण, कृषि, उत्पादन, माछा-मासु उद्योगजस्ता क्षेत्रमा काम गर्न ठूलो संख्यामा विदेशी कामदार भित्र्याउने गर्छ । सो क्षेत्रमा काम गर्ने श्रमिकलाई नयाँ काम गर्ने वातावरणमा घुलमिल हुन समस्या हुने गरेको बताइएको छ ।

धेरै कामदार कोरियन भाषा र कार्यस्थल नियमको अपर्याप्त ज्ञान लिएर जाने गरेको विगतदेखि नै बताइँदै आएको छ । जसअनुसार कामको सुरूवाती चरणमा सुरक्षा निर्देशन, चेतावनी संकेत र आपत्कालीन प्रक्रियाको बुझाइ चुनौतीपूर्ण भएको पाइएको छ । सुरक्षा प्रशिक्षणले काम सुरू गर्नु अगावै सुरक्षा जानकारी उपलब्ध गराउँदा श्रमिकलाई आफ्नो जिम्मेवारी र कार्यस्थलसँग परिचित हुन समय उपलब्ध हुन्छ ।

कोरियाको सरकारी तथ्यांकले सन् २०२० देखि हरेक वर्ष कार्यस्थल दुर्घटनामा पर्नेहरूको संख्या बढ्दै गएको देखाउँछ । जसअनुसार यस्तो संख्या सन् २०२० मा सात हजार ५८३ बाट बढेर सन् २०२१ मा आठ हजार ३० पुगेको थियो । सन् २०२२ मा आठ २८६, २०२३ मा आठ हजार ७९२ र २०२४ मा नौ हजार २१९ पुगेको थियो । सन् २०२५ को कार्यस्थल दुर्घटनाको तथ्यांक भने कोरियाले सार्वजनिक गरेको छैन । यद्यपि, हरेक वर्ष बढ्दै गएको दुर्घटनालाई नयाँ नियमले न्यूनीकरण गर्ने विश्वास गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### 'माननीय'...

उनका अनुसार दलहरूले आफ्ना सांसदलाई संसद्, सार्वजनिक मञ्च तथा विदेश भ्रमणमा कसरी प्रस्तुत हुने भन्ने विषयमा पर्याप्त प्रशिक्षण र अनुशासन लागू नगर्दा यस्तो अवस्था आएको हो ।

सत्तारुढ रास्वपाले आफ्ना सांसदहरूलाई दुईपटक संसदीय मामिलाबारे प्रशिक्षण दिएको छ । संसद्मा कसरी प्रस्तुत हुने र सांसदको अभिव्यक्ति कस्तो हुनुपर्छ ? त्यसबारे रास्वपाले आफ्ना सांसदहरूलाई विज्ञहरूबाट प्रशिक्षण दिलाएको हो । संसद् सचिवालयले पनि गत असारमा सांसदहरूलाई प्रशिक्षण दियो । यद्यपि, सांसदहरूको अभिव्यक्ति र व्यवहारले प्रशिक्षण प्रभावहीन भएको झल्काउँछ ।

संसद्का पूर्वसचिव राईका अनुसार 'माननीय' सम्बोधन आफैंमा उच्च नैतिक आचरणको प्रतीक हो । माननीयको व्यवहारले समाजलाई मार्गनिर्देश गर्ने विश्वास गरिन्छ । तर, कतिपय सांसदको व्यवहारले माननीय पदकै मानमर्दन गरिरहेको उनी बताउँछन् ।

■■■

### स्थायी...

व्यवस्थापन गर्नुपर्ने भएकाले चालु आर्थिक वर्ष प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृतिविना नेपाल सरकारका कुनै पनि कार्यालयले स्थायी पदपूर्ति नगर्ने र स्थायी पदपूर्तिका लागि लोकसेवा आयोगमा माग नगर्ने, नगराउने ।'

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता हेमराज अर्यालले सोमबार साँझ जारी गरेको विज्ञप्तिमा रिक्त पदमा स्थायी पदपूर्तिका लागि नियमितरूपमा लोकसेवा आयोगमा माग गरिने उल्लेख गरिएको छ । विज्ञप्तिमा साविकका २२ वटा मन्त्रालयको संख्या घटाएर १८ कायम गरिएको र सोहीबमोजिम कर्मचारी व्यवस्थापनको काम अन्तिम चरणमा रहेको बताइएको छ ।

'...हाल कायम रहेका कतिपय दरबन्दी घटनसक्ने र केही कर्मचारी दरबन्दीभन्दा बढी भई फाजिलमा पर्नसक्ने भएकाले यसरी फाजिलमा पर्ने कर्मचारीहरूको दरबन्दी मिलानलाई ध्यानमा राखी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृतिविना स्थायी पदपूर्तिका लागि लोकसेवा आयोगमा माग नगर्ने भनी मिति २०८३ साउन ४ गतेको सचिव बैठकबाट निर्णय भएको सम्बन्धमा यदि कुनै पदमा पदपूर्ति गर्न आवश्यक भएको, फाजिलमा रहेका कर्मचारीको व्यवस्थापन भइसकेपछि कुनै पद रिक्त भएको वा संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट कायम भएका नयाँ स्वीकृत दरबन्दीको रिक्त पदमा पदपूर्ति गर्नुपर्ने अवस्था भएको खण्डमा त्यस्ता पदमा स्थायी पदपूर्तिका लागि नियमितरूपमा लोकसेवा आयोगमा माग गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ,' प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

नयाँ संगठन तथा व्यवस्थापन (ओएन्डएम) सर्वेक्षणका कारण विभिन्न तहका दरबन्दी कटौती हुँदा फाजिलमा पर्ने कर्मचारीको व्यवस्थापन गर्नुपर्ने भएकाले तत्काल नयाँ भर्ना प्रक्रिया स्थगित गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको थियो ।

सचिवस्तरीय निर्णयले विशेषगरी लोकसेवाको तयारीमा रहेका लाखौं युवा विद्यार्थीहरूलाई निराश बनाएको थियो । लोकसेवा तयारीमा रहेका युवाहरूले यो निर्णयको चर्को विरोधसमेत गरे । केही युवाहरूले आत्मदाहको चेतावनीसमेत दिएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तत्काल उक्त निर्णयमा प्रस्टीकरण दिएको हो । स्वदेशमै रोजगारीको अवसर दिलाउने नारा लिएर चुनाव जितेको सरकारले लोकसेवाबाट स्थायी पदपूर्ति नगर्ने निर्णय गरेको भन्दै आलोचना सुरु भएको थियो ।

यसअघि प्रधानमन्त्री शाहले कर्मचारीहरूको संख्या घटाउनका लागि ३० वर्षे सेवा अवधि वा ५५ वर्षे उमेर हद कायम गर्न खोजेका थिए । यो कानुन पास गर्न झण्झट भएपछि नयाँ उपाय रचिए पनि यो निर्णय पनि टिक्न नसकेको हो ।

लोकसेवा आयोगले साउन १ गते पदपूर्तिको कार्यतालिका नै सार्वजनिक गरेको थियो । आयोगले सहसचिव पदको विज्ञापन भदौमा, उपसचिव पदको विज्ञापन असोजमा प्रकाशित गर्ने कार्यतालिका सार्वजनिक गरेको थियो । यस्तै शाखा अधिकृतको कात्तिकमा, नायब सुब्बा तहको मंसिरमा र खरिदार तहको विज्ञापन पुसमा प्रकाशित गर्ने कार्यतालिका थियो । असार मसान्तमा सबै प्रक्रिया सकिनेगरी लोकसेवाले कार्यतालिका प्रकाशन गरेको थियो ।

लोकसेवा आयोगले हरेक वर्ष निजामती सेवाका विभिन्न तहका करिब तीन हजारदेखि चार हजार पदमा विज्ञापन प्रकाशित गर्दै आएको छ । ती पदका लागि वार्षिकरूपमा औसत पाँच लाखभन्दा बढी युवाले प्रतिस्पर्धा गर्ने गरेका छन् ।

#### सचिव बैठकको २२ बुँदे निर्णय

नेपाल सरकारका सचिवहरूको बैठकले सुशासन प्रवर्द्धन, सेवा प्रवाह सुधार, कर्मचारी व्यवस्थापन, डिजिटल प्रणालीको सुदृढीकरण तथा कार्यसम्पादन प्रभावकारी बनाउन २२ बुँदे निर्णय गरेको जनाएको छ । मुख्यसचिव कार्कीको अध्यक्षतामा बसेको सचिवस्तरीय बैठकले सरकारले अघि बढाएको शासकीय सुधार कार्यसूचीलाई निरन्तरता दिने, बाँकी सुधारका काम सम्बन्धित मन्त्रालय र निकायले शीघ्र सम्पन्न गरी प्रगति अनुगमन गर्ने निर्णय गरेको हो ।

क्युआरमार्फत अनावश्यक प्रक्रिया, कागजात र तह हटाई निर्णय प्रक्रियालाई छिटो, सरल र नागरिकमैत्री बनाइने उल्लेख गरिएको छ । बैठकले जेन-जी आन्दोलनका सहिद परिवार र घाइतेका लागि स्वीकृत राहत प्याकेज शीघ्र कार्यान्वयन गराउने निर्णय गरेको छ ।

सार्वजनिक सेवा प्रवाहमा हुने अनियमितता, भ्रष्टाचार तथा गुणस्तरहीन कार्यमाथि राष्ट्रिय सतर्कता केन्द्रमार्फत कडा निगरानी र छानबिन गरी दोषीमाथि कानुनअनुसार कारबाहीका लागि सिफारिस गर्ने निर्णय पनि गरिएको छ ।

मालपोत, नापी, यातायात, श्रम, जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयलगायत जनसम्पर्क बढी हुने कार्यालयमा सेवा प्रवाहलाई सहज, सरल र बिचौलियारहित बनाउन विशेष व्यवस्था गर्न तथा नागरिकले निवेदन वा उजुरी लेख्न नपर्ने गरी आवश्यक कर्मचारी खटाउने निर्णय गरिएको छ ।

■■■

### व्यवसाय बन्द...

तर, सरकारले व्यवसायीमाथि अनावश्यक दुःख दिने नियतले कारबाही बढाएको विरोधमा व्यवसाय बन्द गर्न लागिएको बताइएको छ ।

पछिल्लो समय वैदेशिक रोजगार विभागले गरेको कारबाहीको शृंखलाबाट समस्यामा परेको व्यवसायीहरूले बताउँदै आएका थिए । गत असार २७ गते भारतीय विमानस्थलबाट श्रमिक पठाएको भन्दै विभागले ५९८ वटा व्यवसायीलाई कारबाही गरेपछि उनीहरू थप आक्रोशित बनेका छन् ।

■■■

### दक्षिण कोरियामा...

समाचारका अनुसार नयाँ कानुनले रोजगारदातालाई पनि लाभ पुऱ्याउने छ । राम्रो सुरक्षा शिक्षाले दुर्घटनाका कारण कार्यस्थलमा हुने अवरोध घटाउने र समग्र रूपमा कार्यस्थलमा सुरक्षा सचेतनामा सुधार गर्ने उल्लेख छ । नयाँ नियम लागू भएपछि विदेशी कामदार र रोजगारदाताले आगामी दिनमा हुने अपडेटहरू श्रम मन्त्रालय र स्थानीय विदेशी कामदार सहयोग केन्द्रमार्फत लिन सक्ने छन् ।

साथै, निर्माण क्षेत्रमा काम गर्ने श्रमिकको रोजगार सुधारसम्बन्धी ऐनमा पनि संशोधन गरिएको छ । जसमा इलेक्ट्रोनिक कार्ड प्रणालीको सुधार समावेश छ ।

यसले निर्माण क्षेत्रका श्रमिकको हाजिरी रेकर्ड विद्युतीयरूपमा व्यवस्थापन गर्छ । कार्डले श्रमिकको योगदानलाई यकीनका साथ रेकर्ड गर्ने भनिएको छ ।

नयाँ कानुनअनुसार रोजगारदाताले सो प्रणाली कार्यान्वयनमा ल्याउन उपकरण स्थापना गर्नुपर्ने छ । सो नियमको पालना नगरे तीन लाख वोनसम्मको जरिवाना तोकिएको छ ।

कोरिया नेपालीहरूको पनि आकर्षक रोजगार गन्तव्य हो । उक्त मुलुकले ई-७, ई-९, सिजनललगायत विभिन्न भिसामार्फत विदेशी श्रमिक आपूर्ति गर्छ । सबैभन्दा धेरै नेपालीहरू ई-९ भिसामार्फत कोरिया जाने गरेका छन् । हालसम्म एक लाख २५ हजारभन्दा बढी श्रमिक इपिएस प्रणालीमार्फत कोरिया गएको तथ्यांक छ ।

■■■

# 'अवरूद्ध राजमार्ग सञ्चालनका लागि पहिरो पन्छाउने काम प्राथमिकतामा'

**काठमाडौं**– सडक विभागले वर्षासँगै आएको बाढीपहिरोका कारण मुलुकका विभिन्न स्थानमा अवरूद्ध राजमार्ग सञ्चालनलाई प्राथमिकतामा राखी पहिरो पन्छाइने जनाएको छ । सडक विभागले मनसुन सक्रिय भएसँगै जोखिमयुक्त राजमार्ग तथा सडकमा पहिरो गए तत्काल हटाएर यातायात सञ्चालन गर्ने गरी आवश्यक जनशक्ति र उपकरण तयारी अवस्थामा राखेको हो ।

विभागका प्रवक्ता श्यामबहादुर खड्काले बाढीपहिरोका कारण अवरूद्ध रहेको राजमार्गलाई सहजरूपमा जतिसक्दो छिटो सञ्चालनमा ल्याउनका लागि पहिरो पन्छाउने कार्यलाई प्राथमिकतामा राखिएको बताए ।

'कतिपय राजमार्गमा ठूला पहिरो जाँदा पन्छाउन समय लाग्ने, निरन्तर वर्षाका कारण थप चुनौतीपूर्ण भइरहेको छ । कतिपय स्थानमा राजमार्ग आसपास बस्ती रहेकाले डोजर लगाउन समस्या हुने गरेको छ,' उनले भने, 'पहिरोको सम्भावित जोखिम भएका क्षेत्रमा डोजर, एक्साभेटर, लोडरलगायत उपकरण तयारी अवस्थामा राखिएका छन् ।'

नेपाल प्रहरीका अनुसार मुलुकका १० राजमार्ग अझै अवरूद्ध छन् । प्रहरीका अनुसार बिपी राजमार्गअन्तर्गत खुर्कोट-नेपालथोक-कटुञ्जेबेँसी सञ्चालन हुने सम्पूर्ण सवारीसाधन पूर्णरूपमा रोक लगाइएको छ ।

मकवानपुरस्थित कान्ति लोकपथमा वर्षात्का कारण हुनसक्ने सम्भावित जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले सबै किसिमका सवारीसाधनलाई रातिको समयमा सञ्चालनमा रोक लगाइएको नेपाल प्रहरीले जनाएको छ ।

यसैगरी इलामस्थित मेची राजमार्ग पनि पूर्णरूपमा अवरुद्ध छ । अर्घाखाँचीको सालझन्डी-ढोरपाटन सडकखण्ड पहिरोका कारण अवरुद्ध भएको नेपाल प्रहरीको तथ्यांकमा उल्लेख छ ।

सिन्धुपाल्चोकको अरनिको राजमार्ग, बागलुङको कालीगण्डकी करिडोर, रसुवाको त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी सडकखण्ड, रोल्पा-रुकुम-घोराही सहिदमार्ग, खोटाङस्थित मध्यपहाडी लोकमार्ग, चितवन इच्छाकामना गाउँपालिका-३ फिस्लिङस्थित पृथ्वी राजमार्ग, ताप्लेजुङको मेची राजमार्ग पूर्णरूपमा अवरुद्ध भएका नेपाल प्रहरीले जनाएको छ । *रासस*

# उपत्यकाको ढल निकास सुधार्न दीर्घकालीन योजना बनाउन जोड

**काठमाडौं (प्रस)**– काठमाडौं उपत्यकामा वर्षायाममा देखिने ढल निकास तथा पानी जम्ने समस्या समाधानका लागि सरोकार भएका निकायबीच छलफल भएको छ ।

सोमबार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सरोकार भएका निकायबीच भएको छलफलमा उपत्यकामा ढल निकासको समस्याका कारण बर्सेनि मनसुनको अवधिमा डुबानको समस्या समाधान गर्न दीर्घकालीन योजना बनाउनुपर्नेमा जोड दिइएको हो ।

छलफलमा विशेषगरी वर्षायाममा हुने डुबान तथा पानी निकासको समस्या समाधान गर्न दीर्घकालीन उपायबारे विस्तृत समीक्षा गरिएको थियो । सहभागीहरूले तत्काल, अल्पकालीन र दीर्घकालीन कार्ययोजना तयार गरी समन्वयात्मकरूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन् ।

बैठकमा ढल निकास प्रणालीको सुधार, सडक निर्माण तथा मर्मतसम्भारका क्रममा पानी निकासलाई प्राथमिकतामा राख्ने, जोखिमयुक्त क्षेत्रमा पूर्वतयारी बढाउने तथा सम्बन्धित निकायबीच नियमित समन्वय कायम गर्ने विषयमा छलफल भएको प्राधिकरणकी प्रवक्ता शान्ति महतले जानकारी दिइन् ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८३/०४/०३ गते का.जि.का.म.न.पा.वडा नं.६, साततले चोक स्थित घर कम्पाउण्डको सडकखण्डमा पार्किङ गरी राखिएको अवस्थामा निलो/कालो रङ्को २२० सि.सि. पल्सर मोटरसाइकल रातको अन्दाजी १०:०० बजेको समयदेखि भोलिपल्ट २:०० बजे भित्रको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : विर बहादुर माझी**
**बाइक नं.: बा.प्र.-०२-०६५ प १४५६**
**च्यासिस नं.: MD2A13609JCK80247**
**इन्जिन नं. : DKKCSJ10526**
**ठेगाना : कपन, साततले चोक, काठमाडौं**
**सम्पर्क नं. ९८४३७०७८४७**

## बिमालेख हरायो

मिति २०८३/०२/२० गते थानकोटदेखि कालिमाटीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Shova Basnet
बिमालेख नं.: 250404824
कम्पनी : Life Insurance Corporation (Nepal) Ltd.
ठेगाना : Thakre-03, Dhading, Nepal (Chandagiri, Thankot)
सम्पर्क नं : 9851049479

## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०४/०५**

यस जलकन्यादेवी सा.व.उ.स., क.न.पा.७ सिन्धुलीको घाटगद्दी गरि राखेको विभित्र लटको साल समेत जातको गोलिया थान २१८को १८३३.५४ क्यू.फि. गोलिया काठ तथा दाउरा १.५ चट्टा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**जलकन्यादेवी सा.व.उ.स., क.न.पा.७ सिन्धुली**

## बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०४/०५**

श्री जनशक्ती सा.व.उ.स, कमलामाई-७ सिन्धुलीबाट आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान १३५ को ८९९.३६ क्यू.फिट गोलिया साल जातको काठ र साल जातको दाउरा १ चट्टा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री जनशक्ती सा.व.उ.स. कमलामाई-७ सिन्धुली**


## जापानमा रोजगार

कम्पनी : KUROSHIO BUSINESS COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 345192 | चलानी नं. ६०२५८४८३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 6 | 0 | 177160 | १,६८,०९० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | निःशुल्क | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः (क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Google Overseas Pvt.Ltd
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम इजाजत नं. ६३१/०६३/०६४



## ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!!
शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: SINOPEC NANJING ENGINEERING & CONSTRUCTION INC
कम्पनी : सिनोपेक नानजिङ इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन इंक

Pre Approval Date : 2026-07-20 | पूर्व स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 345162 | एल टि न. ३४५१६२ | Invoice No. 60258433 | चलानी नं. ६०२५८४३३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blaster/painter | 70 | 0 | 1500 | ६२,८५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Drilling Operator | 65 | 0 | 1500 | ६२,८५१ | | | | | | | |
| 3. | Welder/installer | 65 | 0 | 1500 | ६२,८५१ | | | | | | | |

The final interview will be conducted in the office on Universal Technical Institute and Orientation Center (Maharajgunj, Kathmandu) on 29th July 2026
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : युनिभर्सल टेक्निकल इन्स्टिच्युट एण्ड ओरिएन्टेशन सेन्टर (महाराजगन्ज, काठमाडौंमा मितिः २०८३ साउन १३ गते हुनेछ ।

नोटः यस फ्रि-भिषा अन्तर्गत कार्पेन्टर, स्टील फिक्सर कार्यको योग्यता भएकाहरूलाई बढी प्राथमिकता दिइनेछ ।
Note: Under this free-visa scheme, priority will be given to candidates qualified as carpenters and steel fixers.

नोटः आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सम्बन्धित संस्थामा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्ने छैन ।
Note: Applicants are invited to apply directly to the respective institutions without the use of any intermediaries. The applicant or the applicant's family members will not have to pay any fees for this admission process.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५००।- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer
सेवा शुल्क कसले व्यहोर्ने who will bear the Service Fee

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तैः पर्चा, ब्यानर फ्लेक्स आदि पूर्णरुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542,
Shiva Subedi (986-9422479), Rajiv Khanal (9851330191), Office Staff (9705231992)
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com
श्रम इजाजत नं ९५७/०६७/०६८



## मलेसियामा रोजगार

कम्पनी : PG BYRAM FARMING SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 345164 | चलानी नं. ६०२३८७७१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Livestock Worker | 8 | 0 | 1700 | ६३,९२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Shahi Global Careers Pvt. Ltd.
Satdobato Chowk-15, Lalitpur, Nepal, Phone No : 01-15151025, Contact Person Nirak Shahi (9864475220)
E-mail: Shahigcareers@gmail.com,www.shahicareers.com
श्रम इजाजत नं. १२९८/०७४/०७५



## कुवेतमा रोजगार

कम्पनी : TOTAL EXTRA COMPANY FOR PUBLIC FACILITIES MANAGEMENT | शहर : Jaber Al- Mubarak

पूर्व स्वीकृति मिति : २०८२/०७/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 336453 | चलानी नं. ६०२५०१३९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 3 | 0 | 150 | ७४,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Female | 0 | 5 | 85 | ४२,२३० | | | | | | | |
| 3 | CLEANER MALE | 20 | 0 | 85 | ४२,२३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## मलेसियामा रोजगार

कम्पनी : KAWEKAWA SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 331684 | चलानी नं. ६०२४५६२५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ६४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/01591125, 9821471642
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## युएइमा रोजगार

कम्पनी : AYADI HUMAN CAPITAL SOLUTIONS L.L.C. - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 345197 | चलानी नं. ६०२५८४३१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | aed | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 200 | 0 | 1000 | ४१,९०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

RADIANT OVERSEAS PVT. LTD.
Govt. License No. 1016/068/69
Kathmandu-09, Bhimsengola, Nepal, Contact: +97714117963,
E-mail : radiant.overseasktm@gmail.com, Web: radiantoverseas.com.np



## साउदीमा रोजगार

कम्पनी : ALKHADER COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८३/०४/०१ | LT. No. 345116 | चलानी नं. ६०२५८४१४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 1 | 0 | 1000 | ४०,९५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Diamond International Overseas Pvt. Ltd.
Aloknagar Marg, New Baneshwor-31, Kathmandu, Nepal
Phone No.+977-15334814, 9712032744
श्रम इजाजत नं. १८२९/०८२/०८३



## युएइमा रोजगार

कम्पनी : RAWNAQ AL ASEEL FOR CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 345186 | चलानी नं. ६०२५८४५४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician (Gcc) | 1 | 0 | 1500 | ६२,८५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 1 | 0 | 1500 | ६२,८५१ | | | | | | | |
| 3. | Plumber | 1 | 0 | 1500 | ६२,८५१ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

EXCELLENT MANPOWER SERVICES PVT.LTD.
Purano Baneshwor, Kathmandu, Nepal, Tel : +977 01 4536529, 4585517
E-mail :- excellentmanpower1328@gmail.com, Website:- www.excellentmanpowerservices.com.np
श्रम इजाजत नं. १३२८/०७४/०७५



## मलेसियामा रोजगार

कम्पनी : RG GLOBAL VISION SDN. BHD

पूर्व स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 345212 | चलानी नं. ६०२५८४६५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Male | 35 | 0 | 1700 | ६३,९२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

AAROHAN HUMAN RESOURCE PRIVATE LIMITED
Govt.Lic. No- 1428/074/075
Sinamangal-09, Kathmandu (Nepal), T: 01-4565606, Prithivi Narayan Ray (9851336976), Dipesh Ray Yadav (9705477497)
E:-arohanhumanresource@gmail.com, Web: www.aarohanhumanresource.com

## साउने सोमबारको रौनक













१) साउन महिनाको पहिलो सोमबारका अवसरमा पशुपतिनाथ मन्दिर परिसरमा भगवान् शिवको पूजा आराधना गर्दै भक्तजन ।

२) पशुपतिनाथ मन्दिर परिसरमा रहेको भगवान् शिवको मूर्तिमा पूजा-आराधना, जल, दूध र बेलपत्र चढाउँदै महिला भक्तजन । ३) र ४) पशुपतिनाथ मन्दिरको दर्शन एवं पूजाआराधना गर्न लामबद्ध व्रतालु भक्तजन । *तस्विरहरूः रासस*

### साउनको पहिलो सोमबार

# पशुपतिनाथमा दुई लाखभन्दा बढीले गरे पूजा आराधना

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** यस वर्षको साउनको पहिलो सोमबार पशुपतिनाथ मूल मन्दिरभित्र प्रवेश गरी पूजा, आराधना गर्नेको घुइँचो लागेको छ । मन्दिरमा आउने सबै दर्शनार्थीले दर्शन गर्नसक्ने गरी व्यवस्था मिलाइएकाले मन्दिर परिसरभित्र बिहानैदेखि भक्तजनको घुइँचो लागेको हो ।

पशुपतिनाथसहित देशभरका शिवालयमा आशुतोष भगवान् शिवको पूजा, आराधना एवं दर्शन गर्ने भक्तजनको दिनभरि घुइँचो लागेको थियो । पशुपतिनाथ मन्दिरमा सोमबार आउनेजति सबैलाई दर्शनको व्यवस्था मिलाइएको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद् सदस्य केदारमान भण्डारीले जानकारी दिए । उनका अनुसार दर्शन गर्न लाइन बस्नेको आँकडाअनुसार अनुमानित दुई लाखभन्दा बढी दर्शनार्थीले पूजा, आराधना र दर्शन गरेका छन् ।

बिहानैदेखि पशुपतिनाथसहित देशभरका शिवालयमा भक्तजनको घुइँचो लागेको थियो । बिहान ९:०० बजेअघि लाममा बसेको आधा घण्टामा मूल मन्दिरभित्र प्रवेश गरेर दर्शन सकेर फर्कन सकिने अवस्था रहेकामा ९:०० बजेपछि भने करिब एक घण्टा ३० मिनेटसम्म लागेको उनले बताए । बेलुकी ६:०० बजेपछि पनि आधा घण्टामा दर्शन गरेर फर्कन सकिने अवस्था रहेको कोषले जनाएको छ ।

सोमबार बिहानै ३:०० बजेदेखि पशुपतिनाथ मन्दिरका चारवटै ढोका खोलिएको थियो । बिहान भने भक्तजनले सहजरूपमा दर्शन पाएका थिए । साउने झरीको पनि वास्ता नगरी भक्तजन बिहानैदेखि पशुपतिनाथ मन्दिरमा दर्शनका लागि आएका थिए । यस अवसरमा पशुपतिनाथको दर्शनमा आउने श्रद्धालु भक्तजनको सहज, सुरक्षित तथा व्यवस्थित दर्शन तथा विषेश पूजाको व्यवस्था गरिएको छ ।

कोषले यस वर्ष एक हजार रूपैयाँ तिरेर टिकट काटी सुलभरूपमा दर्शन गर्न सक्ने व्यवस्थासमेत गरेको छ । यो व्यवस्थालाई सुलभ दर्शन भनिएको छ । यो व्यवस्थाले सहजरूपमा दर्शन गरेर काम विशेषले हिँड्नेका लागि सजिलो भएको छ । भगवान्को दर्शन गरी राजधानी बाहिर वा विदेश जानेका लागि सहज भएको कोषले जनाएको छ । यसरी करिब २५ जनाले दर्शन गरेका कोषको सञ्चालक परिषद् सदस्य भण्डारीले बताए । तर यो व्यवस्थाको केही भक्तजनले भने बिरोध जनाएका छन् ।

साउनको सोमबार पशुपतिनाथ मन्दिरमा दर्शनका लागि आउने लाखौं श्रद्धालु भक्तजनलाई सहज, सुरक्षित, मर्यादित र व्यवस्थित वातावरणमा दर्शन र पूजा गराउने गरी व्यवस्था मिलाइएको कोषका सदस्य सचिव तीर्थ श्रेष्ठले जानकारी दिए ।

यस वर्ष विशेष पूजाका लागि करिब २५० जनाले रसिद काटेका छन् । तीन हजार १०० रूपैयाँ र सात हजार ५०० रूपैयाँको रसिद काटी विशेष पूजाको व्यवस्था मिलाइएको छ । बिहान ८:३० बजेदेखि करिब १२:०० बजेसम्म भक्तजनलाई विशेष पूजा गराइएको थियो ।

मन्दिर छिर्न चारवटा लामको व्यवस्था गरिएको थियो । बिहानैदेखि भक्तजन आए पनि लामो लाम भने नभएको कोषले जनाएको छ । पशुपति क्षेत्रमा दर्शनार्थीका लागि प्राथमिक उपचारलगायत अत्यावश्यक सबै व्यवस्था गरिएको छ । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललगायत विभिन्न संस्थाले पनि पशुपति क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविरको व्यवस्था गरिएको छ ।

साउनको पहिलो सोमबार पशुपतिनाथसँगै राजधानीका गोकर्णेश्वर, नागेश्वर, डोलेश्वर, वसन्तपुर दरबार क्षेत्रको सानो पशुपतिनाथ भनेर चिनिने मक्खन महादेवलगायत राजधानीका ठूला साना सबै शिव मन्दिरमा पनि भक्तजनको लाम लागेको जनाइएको छ । यसैगरी देशभरका शिवालयमा भक्तजन पूजा आराधना एवं दर्शनका लागि पुगेका छन् ।

पशुपतिनाथ मन्दिरमा श्रीयन्त्र र गोकर्णेश्वर मन्दिरमा बालयन्त्रको पूजा आराधना हुने भएकाले पशुपतिनाथको पूजा, आराधना एवं दर्शन गर्नेले गोकर्णेश्वर र गोकर्णेश्वर महादेव मन्दिरको पूजा, आराधना एवं दर्शन गर्नेले पशुपतिनाथको पूजा, आराधना एवं दर्शन गर्नै पर्ने भन्ने नियम पनि रहेको जनाइएको छ ।

# 'मोबाइल फोन प्रसारण प्रणाली'मार्फत विपद्को पूर्वसूचना दिने तयारी

**काठमाडौं–** सरकारले विपद्को पूर्वचेतावनीसहित आवश्यक सूचनालाई अझ प्रभावकारी र छिटो बनाउने उद्देश्यले मोबाइल फोन प्रसारण प्रणाली (सेल ब्रोडकास्ट ) लागू गर्ने भएको छ ।

सोमबार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाको अध्यक्षतामा गृह मन्त्रालयको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख सुरेश पन्थीको उपस्थितिमा 'मोबाइल फोन प्रसारण प्रणाली'मार्फत विपद्को पूर्वसूचना दिने तयारीका विषयमा छलफल भएको हो । छलफलमा विपद् व्यवस्थापन तथा दूरसञ्चारसँग सम्बन्धित संघीय मन्त्रालय र सरोकार भएका निकायका प्रतिनिधिको सहभागिता थियो । प्राधिकरणका अनुसार मोबाइल फोन प्रसारण प्रणाली एकीकृत पूर्वसूचना प्रणालीको महत्त्वपूर्ण अंग हो । यस प्रणालीमार्फत मोबाइल सञ्चारको 'रेडियो एक्सेस नेटवर्क' प्रयोग गरी जोखिमयुक्त भौगोलिक क्षेत्रमा रहेका सबै नागरिकको फोनमा एकैपटक विपद्को चेतावनीसहित सन्देश पठाउन सकिने प्राधिकरणले जनाएको छ ।

बैठकमा उपस्थित जल तथा मौसम विज्ञान विभागका बाढीविद् विनोद पराजुलीले हालसम्म विपद् पूर्वसूचनाका लागि टोल-फ्री सेवा र एसएमएस प्रणाली प्रयोग गरिँदै आइएको जानकारी दिए । उनले एसएमएस प्रणालीमा सन्देश ढिलो पुग्ने, कतिपय प्रयोगकर्ताले सन्देश नहेर्ने तथा डेलिभरी हुन घण्टौं समय लाग्ने समस्या रहेको बताए ।

'सेल ब्रोडकास्ट प्रणाली लागू भएपछि जोखिम क्षेत्रमा रहेका सबै नागरिकको मोबाइलमा एकैसाथ चेतावनी सन्देश पुग्छ,' पराजुलीले भने, 'मोबाइलमा साइरनजस्तै विशेष ध्वनि बज्ने भएकाले प्रयोगकर्ताले सन्देश नहेरेसम्म पनि ध्यानाकर्षण हुन्छ । यसले रातिको समयमा नागरिकलाई समयमै सचेत गराउन मद्दत पुग्छ ।'

उनका अनुसार यो प्रणालीबाट लाखौं नागरिकलाई एकैपटक सूचना प्रवाह गर्न सकिनेछ । बाढीपहिरोमात्रै नभई अन्य प्राकृतिक तथा मानवीय विपद्का बेला पनि यही प्रणालीमार्फत पूर्वचेतावनी पठाउने योजना रहेको उनले जानकारी दिए ।

पराजुलीका अनुसार गतवर्षदेखि यस प्रणालीको सम्भाव्यता अध्ययन भइरहेको थियो । प्रारम्भिक अनुमानअनुसार प्रणाली कार्यान्वयनका लागि ४० करोडदेखि ७५ करोड रूपैयाँसम्म लागत लाग्न सक्ने छ । यस विषयमा सम्बन्धित सरकारी निकायबीच आवश्यक समन्वय र थप प्राविधिक छलफल भइरहेको उनले बताए । *रासस*

# मनसुनजन्य विपद् व्यवस्थापनका लागि तयारी अवस्थामा रहने

**काठमाडौं–** मुख्यसचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा सोमबार बसेको सचिवस्तरीय बैठकले मनसुनजन्य विपद् व्यवस्थापनको तयारी अवस्थामा रहने निर्णय गरेको छ । मनसुनजन्य विपद् वा महामारीजस्ता संकटको प्रभावकारी व्यवस्थापन गर्न सबै सरकारी निकाय तथा सुरक्षा संयन्त्र तयारी अवस्थामा रहने बैठकले निर्णय गरेको हो ।

'विपद्को समयमा जनशक्ति, बजेट, राहत सामग्री र प्राविधिक सहयोगको परिचालन तहगत एकाइहरूबीच समन्वयात्मक रूपमा गरिने छ,' निर्णयमा भनिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पनि देशका विभिन्न स्थानमा भारी वर्षा, बाढीपहिरो र डुबानको जोखिम हुनसक्ने भएको सोको न्यूनीकरण गर्न विपद् प्रतिकार्य तथा पूर्वतयारीलाई तीव्र बनाइएको जनाएको छ ।

मनसुनको अवधिमा देशको विभिन्न स्थानमा वर्षा भइरहँदा सम्भावित बाढीपहिरो, डुबानलगायत मनसुनजन्य विपद् प्रतिकार्यलाई थप प्रभावकारी बनाउन प्राधिकरणले समन्वयलाई थप तीव्र बनाएको जानकारी दिएको छ । प्राधिकरणका निमित्त कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले पनि मनसुनजन्य विपद्को प्रभाव न्यूनीकरणका लागि सम्बन्धित सबै सरोकार भएका निकायबीच समन्वयलाई प्रभावकारी रूपमा अगाडि बढाइरहेको बताए ।

### स्थानीय तहका कर्मचारीलाई कार्यालयमा अनिवार्य रहन निर्देशन

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न भागमा अविरल वर्षा, बाढीपहिरोलगायत विपद्जन्य घटनाको जोखिम बढ्दै गएपछि जिल्ला समन्वय समिति र स्थानीय तहका कर्मचारीलाई कार्यालयमा अनिवार्यरूपमा उपस्थित रहन निर्देशन दिएको छ ।

मन्त्रालयको पत्रअनुसार विपद्को अवधिभर कर्मचारीहरूले कार्यालय नछोडी समन्वय, सहजीकरण र निर्णय प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्नुपर्ने उल्लेख छ । हाल बिदामा रहेका कर्मचारीलाई समेत बिदा छोटचाइ सम्बन्धित कार्यालयमा उपस्थित भई आफ्नो जिम्मेवारी पूरा गर्न मन्त्रालयले निर्देशन दिएको हो । *रासस*

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/०५ गते**

यस कम्पनीको मिति २०८३/०३/०७ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **शैलुङ मल्टीप्रपोज इन्भेष्टमेन्ट एण्ड म्यानेजमेन्ट प्रा.लि.**को नाम परिवर्तन गरी **नागमणि होल्डिङस् प्रा.लि. (दर्ता नम्बर ३९१८४६)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०३/११ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## सांसदहरूको अमर्यादित व्यवहार

**जनताको सर्वोच्च प्रतिनिधिमूलक संस्था संसद्मा पुग्ने जनप्रतिनिधिहरूबाट समाजले केवल कानुन निर्माणकोमात्र अपेक्षा गर्दैन, बल्कि उच्च नैतिक आचरण, संयमित अभिव्यक्ति, शालीन व्यवहार र लोकतान्त्रिक संस्कारको पनि अपेक्षा गर्दछ । 'माननीय' सम्बोधन आफैंमा एउटा विशिष्ट मर्यादा र नागरिकप्रतिको उत्तरदायित्वको प्रतीक हो । तर, पछिल्ला दिनहरूमा हाम्रा माननीयहरूको सार्वजनिक अभिव्यक्ति, सामाजिक सञ्जालमा प्रस्तुत हुने अशोभनीय शैली र सार्वजनिक कार्यक्रमहरूमा देखिने व्यवहारले पदीय गरिमा र संसद्को मर्यादालाई नै लज्जित तुल्याउँदै लगेको छ ।**

**यसको पछिल्लो र निकै निराशाजनक कडी बनेको छ- जापान भ्रमणमा रहेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद ज्ञानेन्द्र शाही र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद खगेन्द्र सुनारबीचको सार्वजनिक विवाद । विदेशी भूमिमा आयोजना गरिएको नेपाली समुदायको कार्यक्रममा पुगेका दुई युवा सांसदहरूले प्रवासी नेपालीका वास्तविक समस्या र नेपाल-जापान सम्बन्धका आयाममा केन्द्रित हुनुको साटो मञ्चमै व्यक्तिगत हिलो छ्यापाछ्यापमा समय खर्चिए । मञ्चबाट सुरु भएको यो तिक्तता सामाजिक सञ्जालको 'फेसबुक लाइभ' र अमर्यादित स्टाटसहरूसम्म पुग्यो, जहाँ गालीगलौज र व्यक्तिगत आक्षेपका सबै सीमाहरू भत्काइए । भिडियोमा 'बिप' राखेरमात्र बजाउन मिल्ने शब्दहरू संसद्का जिम्मेवार नेताको मुखबाट निस्कनु र अर्का सांसदले पनि उत्तिकै तल्लोस्तरमा ओर्लेर कवितात्मक शैलीमा जाँड-रक्सीको प्रसंग जोड्दै प्रतिवाद गर्नु अत्यन्तै खेदजनक विषय हो ।**

**यो कुनै एउटा एक्लो वा अपवादात्मक घटना होइन, बरु नेपाली राजनीतिमा झाँगिँदै गएको अराजक प्रवृत्तिको एउटा प्रतिनिधिमूलक कुरूप चित्रमात्र हो । केही समयअघि श्रम संस्कृति पार्टीका अध्यक्ष तथा सांसद हर्क साम्पाङले पूर्वप्रशासकलाई 'ढेंडुमुखे' भन्दै सार्वजनिकरूपमा गरेको अपमान होस् वा संसद् बैठकभित्रै सभामुखको आसनतिर उफ्रिन खोज्ने सांसदहरूको अमर्यादित हर्कत- यी सबैले हाम्रा जनप्रतिनिधिहरूको नैतिक धरातल कति खस्कँदै गएको छ भन्ने कुरा प्रस्ट पार्छन् । संसद् र सार्वजनिक मञ्चहरूमा असंसदीय र उग्र भाषाको प्रयोग गर्नु अचेल सामान्यजस्तै बनिसकेको छ ।**

**सांसदहरूको बोली र व्यवहार व्यक्तिगतमात्र हुँदैन, त्यसले संसद् र सिंगो राज्यकै प्रतिष्ठाको प्रतिनिधित्व गर्छ । विडम्बना, दलहरूले आफ्ना सांसदहरूलाई संसद् र सार्वजनिक क्षेत्रमा कसरी प्रस्तुत हुने भन्ने विषयमा न्यूनतम अनुशासन पनि सिकाउन सकेका छैनन् । संसद् सचिवालय वा दलहरूले बेलाबेला दिने संसदीय मामिलाका प्रशिक्षणहरू केवल औपचारिकतामामात्र सीमित भएका छन्, जसको प्रभाव व्यवहारमा शून्य देखिन्छ । सामाजिक सञ्जालमा क्षणिक 'भाइरल' हुने र सस्तो लोकप्रियता कमाउने होडबाजीले सांसदहरूलाई दूरगामी रूपमा विवेकहीन र गैरजिम्मेवार बनाउँदै लगेको छ ।**

**राजनीतिक विचार र दर्शनमा मतभेद हुनु लोकतन्त्रको सुन्दरता हो, तर मतभेद प्रकट गर्ने नाममा अश्लीलता, गालीगलौज र उदण्डता प्रदर्शन गर्नु लोकतान्त्रिक संस्कार कदापि हुन सक्दैन । यदि माननीयहरूको व्यवहार यसरी नै स्खलित हुँदै जाने हो भने व्यवस्था र लोकतान्त्रिक प्रणालीमाथि नै जनताको भरोसा टुट्न सक्छ । तसर्थ, सम्बन्धित राजनीतिक दलहरूले आफ्ना सांसदहरूको यस्ता अमर्यादित र उच्छृंखल व्यवहारमाथि तत्काल लगाम लगाउनुपर्छ र आन्तरिक कारबाहीको दायरामा ल्याउनुपर्छ । सांसद स्वयंले पनि आफ्नो पदीय मर्यादा बुझ्न जरुरी छ ।**

श्रम सरोकार

### साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

**अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने**

कुनै प्रकारको प्रलोभन देखाइ, चिट्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

**मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने**

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

**आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने**

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

**अब्शेर खाताको जानकारी सुरक्षित राख्ने**

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने ।

# पर्यटनमा रणनीतिक बजारीकरणको खाँचो



❑ सुरेशसिंह बुडाल

"पर्यटन क्षेत्रलाई दिगो विकास, रोजगारी सिर्जना र राष्ट्रिय अर्थतन्त्रको बलियो आधार बनाउन स्पष्ट योजना, प्रभावकारी बजारीकरण योजना तथा कार्यान्वयन र सबै पक्षको साझा प्रतिबद्धता आवश्यक छ । पर्यटन केवल मनोरञ्जनको माध्यममात्र होइन, देशको आर्थिक समृद्धि, सांस्कृतिक पहिचान र अन्तर्राष्ट्रिय छवि सुदृढ गर्ने महत्त्वपूर्ण क्षेत्र पनि हो । त्यसैले पर्यटनका विद्यमान चुनौतीलाई समयमै समाधान गर्दै सम्भावनालाई उपलब्धिमा रूपान्तरण गर्नु आजको प्रमुख आवश्यकता हो ।

नेपाल प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता, धार्मिक सम्पदा र हिमाली पर्यटनका कारण विश्वभर परिचित देश हो । हिमाल, पहाड र तराईको बेजोड प्राकृतिक सौन्दर्यता तथा उपजहरू, राष्ट्रिय निकुञ्ज, ऐतिहासिक सम्पदा तथा विभिन्न जातजातिका मौलिक संस्कृति नेपालको पर्यटन क्षेत्रका प्रमुख आकर्षण हुन् । यति धेरै सम्भावना हुँदाहुँदै पनि अन्तर्राष्ट्रिय बजारीकरण प्रभावकारी हुन नसक्दा अपेक्षितरूपमा पर्यटकको आगमन बढाउन सकिएको छैन । हाल पर्यटकस्तरीय होटलमा करिब ४० लाख शयचा (बेड) छन्, पूर्वाधारमा पनि उल्लेख्य सुधार भएको छ, दुईवटा थप अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भइसकेका छन् तर विदेशी पर्यटकको संख्यामा अपेक्षित सुधार आउन सकेको छैन । माग र आपूर्तिबीच सन्तुलन नमिल्दा यो समस्या देखिएको हो । गन्तव्यको माग वृद्धिका लागि रणनीतिक, सघन र प्रभावकारी बजारीकरण अपरिहार्य छ ।

कोभिड-१९ महामारीपछि नेपालको पर्यटन क्षेत्र विस्तारै पुनर्जीवित हुँदै गएको छ । विदेशी पर्यटकको आगमन बढ्दै गएको छ भने आन्तरिक पर्यटन पनि उल्लेखनीयरूपमा विस्तार भएको छ । वर्तमान अवस्थामा पर्यटन क्षेत्रमा केही सकारात्मक संकेत देखिए पनि दीर्घकालीन योजना, पूर्वाधार विकास र गुणस्तरीय सेवा प्रवाहमा अझै धेरै सुधार आवश्यक छ ।

पर्यटन क्षेत्रलाई दिगो विकास, रोजगारी सिर्जना र राष्ट्रिय अर्थतन्त्रको बलियो आधार बनाउन स्पष्ट योजना, प्रभावकारी बजारीकरण योजना तथा कार्यान्वयन र सबै पक्षको साझा प्रतिबद्धता आवश्यक छ । पर्यटन केवल मनोरञ्जनको माध्यममात्र होइन, देशको आर्थिक समृद्धि, सांस्कृतिक पहिचान र अन्तर ाष्ट्रिय छवि सुदृढ गर्ने महत्त्वपूर्ण क्षेत्र पनि हो । त्यसैले पर्यटनका विद्यमान चुनौतीलाई समयमै समाधान गर्दै सम्भावनालाई उपलब्धिमा रूपान्तरण गर्नु आजको प्रमुख आवश्यकता हो ।

### अब के गर्ने त ?

आजको विश्वबजारमा परम्परागत ढंगले बजारीकरण हुन सक्दैन । पर्चा, पम्प्लेट र ब्रोसर बाँडेर पर्यटक आउने होइन- कुनै समय यिनै प्रचारका मुख्य माध्यम थिए, तर अहिले यसले काम गर्दैन । अन्तर्राष्ट्रिय ठूला सञ्चार माध्यममार्फत प्रचारप्रसार गर्नुपर्छ । हाम्रा पर्यटकीय उपजहरू सबै एकैखालका छैनन् । त्यसैले कस्ता पर्यटकहरूले कुन उपजहरू अनुभव गर्न चाहन्छन् भन्ने आधारमा लक्षित बजारीकरण आवश्यक छ । सांस्कृतिक, प्राकृतिक एवं साहसिक पर्यटन नै हाम्रो मुख्य आकर्षणका क्षेत्र हुन् । पर्यटकका आ-आफ्नै रुचि, क्षमता र अनुभव हुने भएकाले उनीहरूलाई त्यसैअनुसारको स्वाद चखाउन सक्नुपर्छ ।

विश्व पर्यटनकै सबैभन्दा ठूलो पर्यटन स्रोत बजार आज पनि चीन नै हो । झन्डै १७ करोड ५० लाखभन्दा बढी चिनियाँ पर्यटक बर्सेनि विश्व भ्रमणमा निस्कने गर्छन् । त्यसको ०.०१ प्रतिशतमात्र नेपाल आउने गरेको तथ्यांक हामीमाझ छ । त्यसैगरी त्यस्तै भारतका तीन करोड पर्यटक वार्षिकरूपमा विदेश भ्रमण गर्छन् तर तिनको एक प्रतिशत पनि नेपाल आउँदैनन् । अन्य सार्क देशका पर्यटकको आगमन पनि अत्यन्त न्यून रहेको छ । भूराजनीतिक द्वन्द्वका कारण हवाई यातायात एकदम महँगो र नेपालको लामो दूरीका स्रोत बजारहरूसँगको को सम्पर्क पहुँच (कनेक्टिभिटी) कमजोर भएको परिवेशमा विश्वका दुई ठूला अर्थतन्त्र, जनसंख्या र पर्यटकहरूको उपस्थिति भएका देशहरू भारत र चीन सँगसँगै क्षेत्रीय स्रोत बजारहरूमा नेपालले आफूलाई प्रतिस्पर्धी र आकर्षक गन्तव्यका रूपमा प्रमाणित गर्न रणनीतिक बजारीकरणमा जानैपर्छ ।

नेपाल भ्रमण गर्नुअघि पर्यटकहरूले यहाँका गन्तव्यहरूबारे जानकारी, शान्ति-सुरक्षा, सेवा-सुविधा लगायत विभिन्न सहुलियत प्याकेजबारे चासो राख्ने गर्छन् । सबै पर्यटक यहाँका प्राकृतिक सम्पदा हेर्नमात्र आउँदैनन्- कोही सांस्कृतिक सम्पदा र जीवनशैली अनुभव गर्न, कोही थप सुविधा वा सहुलियतका कारण नेपाल भ्रमण गर्न उत्सुक हुन्छन् । त्यसैले सबै खालका पर्यटकलाई आकर्षित गर्न विविध र रणनीतिक बजारीकरण आवश्यक हुन्छ ।

चिनियाँ पर्यटकहरूलाई आफ्नो देशमा भित्र्याउन धेरै मुलुकले चीनमै आफ्ना सम्पर्क कार्यालय राख्ने, त्यहाँ विभिन्न प्रवर्द्धनात्मक क्रियाकलाप गराउने र स्थानीयस्तरमा आफ्ना प्रतिनिधि तयार गरी आफ्नो देशको प्रचारप्रसार गराउने गरेका छन्, जसका कारण उनीहरूले ठूलो संख्यामा चिनियाँ पर्यटक भित्र्याउन सफल भएका छन् । यस दिशामा नेपालले पनि पहल गर्नु आवश्यक छ । विभिन्न देशमा रहेका नेपाली दूतावासले नेपालबारे ती मुलुकलाई जति प्रभावकारीरूपमा अवगत गराउनुपर्ने हो, त्यसो हुन सकेको छैन । केवल औपचारिक जागिर वा भ्रमणको सोचलेमात्र पर्यटक भित्र्याउन सकिँदैन । स्थानीय समुदायको सहभागिता बढाइ पर्यटनबाट हुने आम्दानी गाउँ-गाउँसम्म पुऱ्याउन आवश्यक छ । यसले रोजगारी सिर्जना गर्नुका साथै स्थानीय कला, संस्कृति र उत्पादनको संरक्षणमा पनि योगदान पुऱ्याउँछ ।

नवप्रवर्तन पर्यटन भनेको प्रविधिको उपयोगमार्फत पर्यटन अनुभवलाई नै नयाँ रूप दिनु हो । आजका पर्यटकले होटल बुकिङदेखि गन्तव्य छनोटसम्म कृत्रिम बौद्धिकता (एआई) मार्फत सहज र व्यक्तिगत सेवा खोज्ने गरेका छन् भने आभासी यात्रा पूर्वावलोकन, स्मार्ट यात्रा एप र यस्तै प्रविधिले पर्यटन अनुभवलाई थप सहज बनाइरहेका छन् । नेपालले पनि यस्तै प्रविधिमैत्री उपायहरू अपनाउनु आवश्यक छ- जस्तैः डिजिटल गन्तव्य म्याप, अनलाइन बुकिङ प्रणाली, र गन्तव्यगत जानकारी सहजरूपमा पाइने मोबाइल एपजस्ता सुविधा । यसले नेपालको पर्यटन प्रस्तुतीकरणलाई अन्तर्राष्ट्रियस्तरको बनाउनुका साथै साना तथा दुर्गम गन्तव्यहरूलाई समेत विश्वबजारसम्म पुऱ्याउन सहयोग गर्छ ।

साहसिक, आरोग्य र नवप्रवर्तन- यी तीनवटै क्षेत्रलाई एकसाथ जोडेर बजारीकरण गर्न सके नेपालले फरक-फरक रुचि र क्षमता भएका पर्यटक समूहलाई एकैपटक आकर्षित गर्न सक्छ । उदाहरणका लागि, पदयात्रापछि हिमाली आरोग्य केन्द्रमा विश्राम गर्ने वा साहसिक यात्राको योजना नै डिजिटल एपमार्फत बनाउने प्याकेज नेपालका लागि नयाँ र आकर्षक उत्पादन हुन सक्छन् ।

### भारतसँगको माइस अवसर

भारत आज विश्वकै सबैभन्दा छिटो वृद्धि हुने बाह्य माइस (एमआइसिई) अर्थात् बैठक, प्रोत्साहन यात्रा, सम्मेलन र प्रदर्शनी बजारमध्ये एक बनेको छ । भारतको स्वदेशी एमआइसिई बजार नै सन् २०२५ मा करिब ३७ अर्ब डलरबराबरको रहेकामा सन् २०३१ सम्ममा दोब्बरभन्दा बढी हुने प्रक्षेपण छ, भने बाह्य एमआइसिई खर्च पनि केही वर्षभित्रै १३ अर्ब डलरभन्दा माथि पुग्ने अनुमान गरिएको छ । नेपाल यसअघि नै भारतीय आउटबाउन्ड पर्यटकका शीर्ष रोजाइका गन्तव्यहरूमध्ये सूचीकृत भइसकेको छ र नेपाललाई नजिकको दूरी, विविध पर्यटकीय आकर्षण र परिवर्तित एवं सुदृढ पूर्वाधार (स्तरोन्नत विमानस्थल, अन्तर्राष्ट्रिय होटल शृंखलाको आगमन) कारण सम्भाव्य गन्तव्यका रूपमा उभ्याएको छ । काठमाडौं, पोखरा र चितवनजस्ता सहरहरूलगायत तराईका सीमावर्ती गन्तव्यहरूलाई सम्मेलन तथा कर्पोरेट प्रोत्साहन यात्राका लागि उपयुक्त पूर्वाधारसहित प्रस्तुत गर्नसके भारतीय कर्पोरेट क्षेत्रसहित रहेको ठूलो पर्यटक बजार तान्न सकिन्छ, जसले उच्च खर्च गर्ने र भ्रमण-अवधि लामो हुने पर्यटक ल्याउँछ ।

### डेस्टिनेसन वेडिङको सम्भावना

भारतमा गन्तव्य विवाहको प्रचलन तीव्र गतिमा विस्तार भइरहेको छ । यस क्षेत्रको बजार आकार अर्बौं डलर बराबर पुगिसकेको छ र वार्षिकरूपमा उच्च दरमा बढिरहेको छ, विशेषगरी हिमाली तथा प्राकृतिक पृष्ठभूमि भएका गन्तव्यहरूप्रति भारतीय जोडीहरूको आकर्षण उल्लेख्यरूपमा बढेको देखिन्छ । भारत सरकारले आफैं 'वेड इन इन्डिया' जस्ता अभियानमार्फत यस क्षेत्रलाई नीतिगत प्राथमिकतामा राखेको छ, जसबाट यो उद्योग कति महत्त्वपूर्ण बन्दै गएको छ भन्ने देखिन्छ । उत्तराखण्ड, हिमाचल प्रदेशजस्ता भारतकै हिमाली गन्तव्यहरूमा पनि पहाडी पृष्ठभूमिका कारण विवाह आयोजना बढ्दो क्रममा छ । यसले नेपालका लागि प्रत्यक्ष प्रतिस्पर्धा र अवसर दुवै देखाउँछ ।

नेपालका हिमाली दृश्यावलोकन हुने होटल-रिसोर्ट, ऐतिहासिक दरबार क्षेत्र र प्राकृतिक तालतलैया वरपरका स्थललाई विवाह-पर्यटन प्याकेजका रूपमा व्यवस्थित गरी भारतीय बजारमा लक्षित प्रवर्द्धन गर्न सके यसबाट राम्रो प्रतिफल लिन सकिन्छ । यस्ता आयोजनाले होटल, यातायात, सजावट, खानपानलगायत स्थानीय साना-ठूला व्यवसायमा समेत प्रत्यक्ष लाभ पुऱ्याउँछन् ।

पर्यटन क्षेत्रका चुनौतीको समाधान सरकार र निजी क्षेत्रको सामूहिक प्रयासबाटै सम्भव छ, र यसमा नेपाल पर्यटन बोर्डले समन्वयकारी भूमिका निर्वाह गर्न सक्नुपर्छ । पर्यटन क्षेत्रलाई दिगो र प्रतिस्पर्धी बनाउन सरकार, निजी क्षेत्र र स्थानीय समुदायबीच प्रभावकारी सहकार्य आवश्यक छ । हामीले पर्यटकमैत्री नीति, सुरक्षित वातावरण, गुणस्तरीय सेवा, व्यवस्थित पूर्वाधार, स्रोत बजारसँगको सम्पर्क विस्तार र डिजिटल प्रवर्द्धनमा विशेष ध्यान दिनुपर्छ । साथै, पर्यटकलाई सहज सेवा उपलब्ध गराउन सूचना केन्द्र, आपत्कालीन उद्धार प्रणाली तथा दक्ष पर्यटन जनशक्ति विकासमासमेत लगानी बढाउनुपर्छ । पर्यटन क्षेत्रको नीति निर्माण र कार्यान्वयनबीच देखिने खाडल पनि सुधार्नुपर्ने देखिन्छ ।

*(पाटा नेपाल च्याप्टरका प्रमुख कार्यकारी अधिकृत बुडालसँग राससले गरेको कुराकानीमा आधारित)*






✍ बैकुण्ठ भण्डारी

# ऊ बेला चुपचाप, अहिले पुर्पुरोमा हात !

'नारदजी !' मटचाङ्ग्रोले आफ्नो पुर्पुरोमा हात राख्दै करायो ।

'हे भगवान् ! चुनावअघि हातमा घण्टी समातेर दौडेको मान्छे, चुनावपछि किन पुर्पुरो समातेर बसेको होला ?' नारदजी मुस्कुराए ।

'किन त ?' मटचाङ्ग्रोले लामो सास फेऱ्यो ।

'पहिला लाग्थ्यो सरकार फेरियो भने भाग्य फेरिन्छ । अहिले त भाग्य होइन, करका दरमात्रै फेरिएछन् ।' छेउमै बसेको बैरीले चिया सुर्क्यायो ।

'सरकार फेरिनु भनेको हामीले बुझेजस्तो रहेन छ । हामीले त बाटो फराकिलो होला, अस्पताल सस्तो होला, विद्यालय सजिलो होला भन्ने सोचेका थियौं । अहिले त जहाँ पुग्यो, त्यहीं बिल, शुल्क, कर र नयाँ नियम ।'

नारदजीले वीणा बजाए । 'जनताको सपना त सधैं महँगो हुन्छ, बाबु ।' मटचाङ्ग्रो बिहान ४ बजे उठ्छ । दिनभरि गिटी कुट्छ । बेलुका पसिना सुक्न नपाउँदै हिसाब गर्छ । आज कमाएको पैसा... भाडा । चामल । तरकारी । बिजुली । विद्यालय । औषधि । यति लेख्दालेख्दै कापीको पाना सकिन्छ । तर पैसाको हिसाब सकिँदैन ।

बैरीले भन्यो, 'अब त हिसाब गर्ने क्याल्कुलेटरभन्दा कर गन्ने क्याल्कुलेटर चाहिन्छ । दशकौंपछि गाउँमा बत्ती बलेको थियो । त्यही भएर पनि गाउँलेहरूले दीपावलीभन्दा ठूलो उत्सव मनाएका थिए । बूढाबूढीले भने, अब हाम्रा नातिनातिनाले टुकीको धुवाँमा होइन, बिजुलीमा पढ्छन् । तर केही समयपछि बिल आयो । त्यसमा कर । अर्को शुल्क । फेरि अर्को शीर्षक ।'

बैरी बिल हेरेर टोलायो । 'यो बत्तीको बिल हो कि सरकारको आत्मकथा ?' मटचाङ्ग्रोले भन्यो, 'छोरो विद्यालय जान्छ । ऊ पढेर डाक्टर बन्न चाहन्छ । तर प्रत्येक महिनाको शुल्क देख्दा मेरो मुटु काँप्छ ।' एक दिन उसले मास्टरलाई सोध्यो, 'सर, मेरो छोरो पढ्दै छ कि बैंकको ऋण तिरिरहेको छ ?' मास्टर मुस्कुराए । 'हामी पनि के गरौं ।' मटचाङ्ग्रोले टाउको हल्लायो ।

सबैको एउटै उत्तर रहेछ, 'हामी के गरौं ?'

मटचाङ्ग्रो एकदिन अस्पताल पुगेको थियो । सरकारी अस्पतालको लाइन । अर्को लाइन । अझ अर्को लाइन । काउन्टरमा पुगेपछि, यो औषधि बाहिर पाइन्छ । यो परीक्षण निजीमा हुन्छ । यो मेसिन बिग्रिएको छ । मटचाङ्ग्रो बाहिर निस्कियो । त्यसबेला बैरीले सोध्यो, 'उपचार भयो ?'

'भयो ।'

उसले सोध्यो 'कसरी ?'

जवाफ दियो, 'रोगको होइन... आशाको मृत्यु भयो ।' जनता बोल्छ । सुकुमबासी बोल्छ, उखु किसान बोल्छ, मिटरब्याजी पैदलयात्रा गर्दै निस्कन्छ । अनि सामाजिक सञ्जाल बोल्छ । चिया पसल बोल्छ । बसको सिट बोल्छ । तर सिंहदरबारतिर भने मौनताको बाक्लो कुहिरो छ । सायद वर्षायामले माइतीघरमा नदी आएर पनि पनि होला ।

बैरीले भुइँबाट ढुंगा उठायो । 'यो ढुंगाले पनि फाल्यो भने आवाज निकाल्छ । तर सरकारलाई जनताको आवाज सुनाउन अझ ठूलो स्पिकर चाहिन्छ जस्तो छ ।'

चुनावअघि नेताहरू गाउँ पस्दा... मटचाङ्ग्रोको घर भेट्थे । दूध खान्थे । दही खान्थे । सेल्फी खिच्थे अनि भन्थे, 'तपाईंहरू हाम्रो परिवार ।' जब चुनाव सकियो, फोन लागेन । कार्यालयमा भेट्न जाँदा, समय नै पाएन । मटचाङ्ग्रो हाँस्यो । नारदजीले प्रश्न गरे, 'सबैभन्दा ठूलो कर कुन हो ?'

बैरीले भन्यो, 'भ्याट ।'

मटचाङ्ग्रोले टाउको हल्लायो, 'होइन । सबैभन्दा ठूलो कर भनेको आशामाथिको कर हो । हरेक चुनावमा हामीले आशा लगानी गर्छौं । प्रतिफलमा निराशा पाउँछौं । त्यसैले त अहिले बजारमा बिचौलियाको मुस्कान चौडा छ ।'

'किसानको निधार साँघुरो । उत्पादन गर्ने रोइरहेको छ । बेच्ने हाँसिरहेको छ । बीचको मान्छे मोटाउँदै गएको छ,' मटचाङ्ग्रोले भन्यो, 'नेपालमा सबैभन्दा सफल खेती भनेकै बिचौलियाको रहेछ । मल चाहिँदैन । पानी चाहिँदैन । तर फल भने वर्षैभरि लाग्छ । रोजगारीको कुरा आयो । सरकारी भाषणमा लाखौं अवसर । त्यो अवसर स्वदेशमा होइन । सहरको म्यानपावरको कार्यालयअघि लाइनमा । अनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ।'

बैरीले हाँस्दै भन्यो, 'यहाँ रोजगारीभन्दा वैदेशिक रोजगारको टिकट सजिलै पाइन्छ ।' साँझ पर्न लाग्यो । आकाश राताम्मे भयो । मटचाङ्ग्रो नारदजीलाई सोध्यो, 'अब के गर्ने ?'

नारदजीले उत्तर दिए, 'सरकार बदल्नुमात्रै लोकतन्त्र होइन । प्रश्न सोधिरहनु पनि लोकतन्त्र हो । उत्तर मागिरहनु पनि लोकतन्त्र हो । जसले जिते पनि जनताप्रति उत्तरदायी हुनुपर्छ भन्ने सम्झाइरहनु नै नागरिकको सबैभन्दा ठूलो शक्ति हो ।' 'नारदजी, एउटा कुरा सोधुँ ?' मटचाङ्ग्रोले सडक किनारको ढुंगातिर हेर्दै भन्यो ।

'सोध ।'

'यो ढुंगा बोल्छ कि बोल्दैन ?'

नारदजी मुस्कुराए, 'ढुंगा आफैं त बोल्दैन । तर कसैले त्यसलाई ठोक्कायो भने आवाज निकाल्छ ।' मटचाङ्ग्रोले लामो सास फेऱ्यो, 'त्यही भएर त सोधेको । यो देशमा त ढुंगाले पनि ठोक्किँदा आवाज निकाल्छ, तर जनताको पीरले सरकार ठोक्किँदा पनि कुनै आवाज आउँदैन ।'

बैरी हाँस्यो । 'ढुंगा त निर्जीव हो । तर कहिलेकाहीं निर्जीव वस्तुले पनि आफ्नो अस्तित्व देखाउँछ । समस्या त त्यहाँ छ, जहाँ बोल्नुपर्नेहरू मौन बस्छन् ।' एक दिन मटचाङ्ग्रोले निर्णय गऱ्यो- आज म बोल्ने ढुंगा खोज्छु । ऊ सहर घुम्यो । ७८ जिल्ला भनिने बानेश्वर पुग्यो, थापाथली पुग्यो, सिंहदरबारको गेटैगेट सर्वोच्च अदालतको गेट अनि हटाइएका सुकुमबासी बसेको ठाउँमा पुग्यो । सडकको खाल्डोमा पुग्यो ।

ढुंगाले भन्यो, 'मलाई हटाइदिए सडक राम्रो हुन्थ्यो । तर वर्षौंदेखि म यतै छु । दोष मेरो होइन, मलाई हटाउनुपर्नेहरूको हो ।' मटचाङ्ग्रो छक्क पऱ्यो । थोरै अगाडि बढ्यो । फुटपाथमा अर्को ढुंगा भेटियो । फुस्रो सिमेण्ट बनाएको । त्यसले भन्यो, 'मलाई मानिसले लात हानेर गाली गर्छन् । तर मलाई यहाँ कसले छोड्यो भनेर कसैले सोध्दैन ।' मटचाङ्ग्रोले मनमनै भन्यो, 'साँच्चै रहेछ, ढुंगा बोल्न थाले छन् ।'

बैरीले जिस्क्याउँदै भन्यो, 'अब त ढुंगाको पत्रकार सम्मेलन गरौं ।' मटचाङ्ग्रोले हाँस्दै उत्तर दियो, 'ढुंगाले बोलेको समाचार त भाइरल होला । किनकि मानिसले बोल्दा कसैले सुन्दैन । युटचुबमा टन्नै पैसा पनि कमाउँला । दुई-चार जनाले राम्रै कमाई पनि गर्छन् ।'

साउन लागिसकेको छ । उता गाउँमा किसान मल नपाएर कराइरहेका थिए । सहरमा युवाहरू रोजगारी खोज्दै लाइनमा थिए । बजारमा महँगीको चर्चा थियो । विद्यालयमा अभिभावक शुल्कको चिन्तामा थिए । अस्पतालमा बिरामी उपचारभन्दा पालोको चिन्तामा थिए । तर निर्णय गर्ने कोठाहरू भने अचम्मको शान्त थिए । यस्तो लाग्थ्यो, त्यहाँ मौनताको बाक्लो पर्दा झुण्ड्याइएको छ । नारदजीले भने, 'मौन दुई प्रकारको हुन्छ ।'

बैरीले सोध्यो, 'कस्तो ? एउटा सुन्नका लागि गरिने मौनता । अर्को नसुन्नका लागि गरिने मौनता । सिंहदरबार अहिले त्यही मौनतामा छ ।' सिंहदरबारको सिंहासनमा बस्नेलाई अहिले त्यही मौनतामा बाँधिएकाको छ । सायद आधुनिक हिटलर पो बनाइँदै छ कि वा किम जोङका नयाँ अवतारका लागि तयार गरिँदै छ ।'

के गर्नु सरकार चलाउनेहरू कोही पनि बोल्दैनन् । सरकारमा जानुभन्दा अगाडिसम्म सबलाई गाली गर्थे । नातावाद भयो, परिवारवाद भयो । महंगी बढ्यो । गरिबका लागि सरकार भएन । तर त्यही भनेर सरकारमा पुगेका व्यक्तिहरूले गरिबकै लागि शोषित गर्ने काम गरे । सरकार गरिबको हुन सकेन । बिचौलियाहरूकै मुट्ठीमा पुग्यो । न त रोजगारीको ग्यारेण्टी, न त पारदर्शिता !

ढुंगा बरू बोल्छ होला तर सरकारको नेतृत्व गरिरहेका जनताको विश्वासपात्रहरू बोल्दैनन् । त्यसो भए जनताले कहाँ गएर पीर पोख्ने ? लौ न भन्दिनुपऱ्यो ।

सरकारले बोल्नै नदिने हो भने सबैको मनका राजा, बालेन राजालाई किम जोङ बनाउन खोजेको हो कि ? सुन वाग्लेले हामी कम्युनिस्टको सरकार होइन भन्दै बिवाइडीमा सरर भन्दै सत्ता र अर्थतन्त्र फिलिपिन्सकी गृहिणीको सल्लाह चलाउँदै छन् । अनि बालेन राजालाई बन्द कोठामा किम जोङ बनाउन खोज्या त होइन नि ? विचरा ! देश बनाउँछु भनेर सिंहको आसनमा पुगेकालाई हिटलर वा किम जोङ नबनाऊ ।



**देवघाटमा भक्तजनको भीड** | साउनको पहिलो सोमबार पवित्र तीर्थस्थल देवघाटस्थित त्रिशुली र कालीगण्डकी नदीको बेणीसंगममा स्नान, पूजा-आराधना तथा दर्शन गर्न आएका भक्तजन । साउन महिनाभर भगवान् शिवको महिना मानिने भएकाले यस महिनाको प्रत्येक सोमबार देवघाटमा भक्तजनको भीड लाग्ने गर्दछ ।

*तस्विरः रासस*

# विद्यालय नेतृत्वलाई मनमोहनको अभिमुखीकरण प्रशिक्षण

**विराटनगर–** यहाँका सामुदायिक विद्यालयका अधिकारीलाई तालिम प्रदान गरिएको छ । सामाजिक सञ्जालको दुरूपयोग, साइबर बुलिङ, विद्यालयभित्र हुने हिंसा, यौनजन्य दुर्व्यवहार तथा बालअधिकार उल्लंघनका घटनाका बारेमा जानकारी दिने उद्देश्यले उक्त प्रशिक्षण प्रदान गरिएको हो ।

मनमोहन प्राविधिक विश्वविद्यालयअन्तर्गतको इन्स्टिच्युट अफ ल ले विराटनगरका निजी तथा सामुदायिक विद्यालयका प्रधानाध्यापक, व्यवस्थापन समिति र प्रशासनिक नेतृत्वलाई लक्षित गर्दै कानुनी साक्षरतासम्बन्धी कार्यक्रम सुरु गरेको हो ।

विराटनगरमा सोमबार आयोजित प्रशिक्षण कार्यक्रममा विद्यार्थीबीच हुने झैझगडा, साइबर बुलिङ, सामाजिक सञ्जालमा शिक्षक वा विद्यार्थीको तस्बिर तथा भिडियोको दुरूपयोग, विद्यालयको गोपनीयता भंग, यौन हिंसा, बालअधिकार उल्लंघन तथा विद्यालय सुशासनसँग सम्बन्धित कानुनी व्यवस्थाबारे जानकारी दिइएको थियो ।

मनमोहन इन्स्टिच्युट अफ ल का अधिवक्ता जिवेश झाले सामाजिक सञ्जालमा हुने गतिविधि, कृत्रिम बौद्धिकता (एआई) मार्फत तस्बिर वा भिडियोको दुरूपयोग, शिक्षक-विद्यार्थी सम्बन्धबाट उत्पन्न हुने कानुनी जटिलता तथा विद्यालय प्रशासनले अपनाउनुपर्ने कानुनी प्रक्रियाबारे जानकारी दिएका थिए ।

विश्वविद्यालयका उपकुलपति डा. सुवासश्री पोखरेलले विद्यालयमा साइबर अपराध र कानुनी विवाद बढ्दै गएकाले विद्यालय नेतृत्वलाई समयमै कानुनी रूपमा सक्षम बनाउन अभिमुखीकरण अभियान सुरु गरिएको बताए ।

विश्वविद्यालयका रजिस्ट्रार डा. किशोर अधिकारीले विद्यालय तथा कलेजलाई कानुनी र मनोवैज्ञानिक परामर्श उपलब्ध गराउन विश्वविद्यालयले छिट्टै 'लिगल परामर्श क्लिनिक' सञ्चालन गर्ने सोचाइ अगाडि बढिसकेको जानकारी दिए ।

मनमोहन प्राविधिक विश्वविद्यालयमा स्कुल अफ इञ्जिनियरिङ, स्कुल अफ मेडिसिन एन्ड एलाइड हेल्थ साइन्सेज तथा स्कुल अफ एप्लाइड साइन्स, टेक्नोलोजी एन्ड ल सञ्चालनमा छन् । *रासस*

# खेतमा काम गर्दा आँखा जोगाउन चिकित्सकको सुझाव

**चितवन (प्रस)–** बर्सात्को समयमा खेतमा काम गर्दा आँखामा चोटपटक र हिलो पर्ने भन्दै चिकित्सकहरूले आँखा जोगाएर काम गर्न सुझाव दिएका छन् । भरतपुर आँखा अस्पतालमा अहिले दैनिक आउने बिरामीमध्ये ३० प्रतिशत हाराहारी त्यस्ता बिरामी आउन थालेको भन्दै सजग रहन आग्रह गरिएको हो ।

अस्पतालकी निर्देशक ड.ा पुष्पा गिरी श्रेष्ठले नेपाल नेत्रज्योति संघ भरतपुरबाट सञ्चालित भरतपुर आँखा अस्पतालसहित मातहतका सेकेण्डेरी अस्पताल, सर्जिकल सेन्टर र उपचार केन्द्रमा आउने बिरामीमा समस्या देखिएको बताइन् । दैनिक एक हजार ५०० हाराहारी बिरामी बहिरंग सेवा लिन अस्पताल र मातहतका केन्द्रहरूमा आउने गर्दछन् । मुख्य रूपमा धानका लागि खेत तयार गर्दा र रोप्दा हिलो आँखामा पसेर आउने बिरामी रहेका छन् । यस्तै हिलो परेको टाउकोमा पानी पर्दा आँखामा छिरेर समस्या हुने गरेको छ । हिलो छिरेको आँखालाई मिचे पछि नानिमा संक्रमण भएर बिरामीहरू आउने गरेको उनले बताइन् ।

असार र साउन महिनामा यस्ता समस्या लिएर धेरै बिरामी आउने गर्दछन् । डा. श्रेष्ठले भनिन्, 'आँखामा हिलो परेपछि आफैं औषधि किनेर प्रयोग गर्दा थप समस्या हुने गरेको छ ।' आँखामा समस्या भइहालेमा तत्काल नजिकको आँखा उपचार हुने केन्द्र वा अस्पतालमा जान उनले सुझाव दिइन् । आफूखुसी औषधि प्रयोग गरेका कारण पाँच प्रतिशत हाराहारी बिरामीमा घाउ बढेर अल्सरसमेत हुने गरेको उनले बताइन् ।

नेपाल नेत्रज्योति संघ चितवनको मुख्य अस्पताल भरतपुरमा रहेको छ । कावासोती र पर्साको ठोरीमा सेकेण्डेरी अस्पताल, चोरमाराको मध्यविन्दु र सर्लाहीको ईश्वरपुरमा सर्जिकल सेन्टर छ भने भरतपुरको ओरालोमा सिटी क्लिनिक छ । तीबाहेक १९ वटा आँखा उपचार केन्द्र विभिन्न जिल्लामा छन् । सर्लाहीको हरिपुर र धादिङको नेत्रावतीमा उपचार केन्द्र सुरु गर्ने तयारीमा छ । डा. श्रेष्ठले संघ मातहतका वा अन्य आँखा उपचार गर्ने केन्द्र वा अस्पतालमा आँखा देखाएरमात्र औषधि प्रयोग गर्न सुझाव दिइन् ।

# कर्णालीको अति दुर्गम समुदायमा हिमालय आँखा अस्पतालको सेवा विस्तार

## एक वर्षमा १७ हजारभन्दा बढी सेवा, ९५३ जनाको निःशुल्क शल्यक्रिया

**काठमाडौं–** कर्णाली प्रदेशका विभिन्न जिल्लामा ९५३ जनाको निःशुल्क आँखाको शल्यक्रिया सेवा गरिएको छ । नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित हिमालय आँखा अस्पताल पोखराले गत आर्थिक वर्ष २०८२/८३ मा प्रदेशका अति दुर्गम तथा सेवाको पहुँचबाट टाढा रहेका समुदायमा सञ्चालन गरेका निःशुल्क आँखा शिविरमार्फत उक्त सेवा प्रदान गरेको हो ।

अस्पतालका बाहृय कार्यक्रम प्रमुख नेत्र अधिकृत सुवास नेपालका अनुसार गत आवमा अस्पतालले सो प्रदेशका १७ हजारभन्दा बढी नागरिकलाई आँखा उपचार सेवा प्रदान गरेको छ । सो अवधिमा बाहृय कार्यक्रममार्फत सात हजार २१७ जनाको निःशुल्क आँखा परीक्षण गरिएको थियो भने अस्पतालअन्तर्गत सञ्चालित आँखा उपचार केन्द्रहरूमार्फत १० हजार ४३२ जनाले आँखा उपचार सेवा प्राप्त गरेका अस्पतालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । यसरी बाहृय कार्यक्रम र आँखा उपचार केन्द्रमार्फत गरी कर्णाली प्रदेशमा एक वर्षमा १७ हजार ६४९ जनालाई आँखा स्वास्थ्य सेवा प्रदान गरिएको छ ।



हिमालय आँखा अस्पतालअन्तर्गत कर्णाली प्रदेशका चन्दननाथ आँखा अस्पताल खलंगा-जुम्ला, मान्म-कालीकोट, सिमकोट-हुम्ला, सिञ्जा-जुम्ला र गमगढी-मुगुमा आँखा उपचार केन्द्र सञ्चालनमा छन् । यी अस्पताल, उपचार केन्द्र तथा समुदायस्तरमा सञ्चालन गरिने बाहृय कार्यक्रम र शिविरमार्फत भौगोलिकरूपमा विकट क्षेत्रमा बसोबास गर्ने नागरिकलाई आँखा परीक्षण, उपचार, आवश्यक परामर्श तथा शल्यक्रिया सेवा उपलब्ध गराइँदै आएको छ ।

अस्पतालकी प्रमुख मेडिकल निर्देशक डा. बबिता गुरुङका अनुसार अस्पतालले गत आर्थिक वर्षमा अस्पतालको बहिरंग विभागमार्फत मात्रै एक लाख ८८ हजार ९१४ जनालाई आँखा उपचार सेवा प्रदान गरेको छ । विज्ञप्तिका अनुसार सेवा लिनेमा एक लाख छ हजार ४५९ महिला र ८२ हजार ४९८ पुरुष छन् । कूल सेवाग्राहीमध्ये करिब ५६ प्रतिशत महिला र ४४ प्रतिशत पुरुष छन् ।

हिमालय आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सुरेन्द्र थापा मगरले कर्णाली प्रदेशमा विशेषज्ञ आँखा उपचार सेवालाई थप विस्तार र सुदृढ गर्ने योजना अघि बढाएको जानकारी दिए । वरिष्ठ अधिवक्तासमेत रहेका मगरले भने, 'जुम्लामा नेत्र विशेषज्ञमार्फत नियमित विशेषज्ञ सेवा उपलब्ध गराउने तथा कर्णालीका अन्य तीन जिल्लामा 'सर्जिकल सेन्टर'का रूपमा सेवा विकास गरी स्थानीयस्तरमै आँखाको शल्यक्रिया सेवा उपलब्ध गराउने योजना रहेको छ । भौगोलिक विकटता र यातायातको कठिनाइका कारण सामान्य आँखा उपचार तथा शल्यक्रियाका लागिसमेत टाढासम्म जानुपर्ने बाध्यतालाई कम गर्न विशेषज्ञ तथा शल्यक्रिया सेवालाई जिल्लास्तरसम्म विस्तार गर्न लागिएको छ ।' यसबाट दुर्गम क्षेत्रका नागरिकले आफ्नै जिल्लामा वा नजिकको सेवा केन्द्रबाट समयमै गुणस्तरीय आँखा उपचार तथा शल्यक्रिया सेवा प्राप्त गर्न सक्ने अपेक्षा गरिएको छ ।

यसैबीच, नेपाल नेत्रज्योति संघ हिमालय आँखा अस्पतालअन्तर्गत गण्डकी तथा कर्णाली प्रदेशमा सञ्चालित आँखा अस्पताल तथा आँखा उपचार केन्द्रको वार्षिक कार्ययोजना तथा समीक्षा गोष्ठी पोखरामा हालै सम्पन्न भएको छ । कार्यक्रममा ती प्रदेशका आँखा अस्पताल तथा आँखा उपचार केन्द्रका प्रतिनिधि, नेत्र विशेषज्ञ, स्वास्थ्यकर्मी तथा सरोकारवालाको सहभागिता थियो ।

सो अवसरमा हिमालय आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष वरिष्ठ अधिवक्ता मगर, नेपाल नेत्रज्योति संघका महासचिव भरतबहादुर चन्द, नेपाल नेत्रज्योति संघका केन्द्रीय उपाध्यक्ष एवं गण्डकी प्रदेश सभापति प्रा.डा. दिलबहादुर क्षेत्री र संघका कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्रले संघको गतिविधि तथा कार्ययोजनाका बारेमा प्रस्तुति गरेका थिए ।

गोष्ठीमा गत आर्थिक वर्षका उपलब्धि तथा प्रगतिको समीक्षा गर्नुका साथै आगामी वर्षको कार्ययोजना तर्जुमा गरिएको थियो । संघका कार्यकारी निर्देशक डा. मिश्रले गोष्ठीमा समुदायस्तरमा गुणस्तरीय आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार, दुर्गम क्षेत्रमा विशेषज्ञ तथा शल्यक्रिया सेवा विस्तार, आँखा उपचार केन्द्रहरूको क्षमता अभिवृद्धि तथा सेवा प्रभावकारिता बढाउने विषयमा छलफल, अनुभव आदानप्रदान र आगामी रणनीति निर्माण गरिएको जानकारी दिए ।

हिमालय आँखा अस्पतालले अस्पतालमा आधारित सेवासँगै आँखा उपचार केन्द्र, बाहृय कार्यक्रम तथा निःशुल्क आँखा शिविरमार्फत गण्डकी र कर्णाली प्रदेशका नागरिकलाई आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । विशेषगरी कर्णालीका दुर्गम जिल्लामा विशेषज्ञ तथा शल्यक्रिया सेवा विस्तार गरी नागरिकलाई उनीहरूको नजिकै गुणस्तरीय आँखा उपचार सेवा उपलब्ध गराउने लक्ष्यसहित अस्पतालले आगामी कार्यक्रमलाई प्राथमिकता दिएको छ ।

संघका अनुसार संघले स्थापनादेखि सन् २०२५ को अन्तिमसम्ममा संघको २८ आँखा अस्पताल, ४४ जिल्ला शाखा, २२६ आँखा उपचार केन्द्रको सञ्जालमार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिक गरी कूल पाँच करोड दुई लाख ४८९ जना आँखाका बिरामीलाई आँखा उपचार सेवा प्रवाह गरिसकेको छ भने ५६ लाख ५९ हजार ६२४ जनाको आँखाको शल्यक्रिया भइसकेको छ । *रासस*

# उच्च अदालत पोखरामा डेढ वर्ष नाघेका मुद्दाको संख्या शून्य

**गण्डकी (प्रस)–** पोखरा उच्च अदालतमा डेढ वर्ष नाघेका मुद्दाको संख्या गत आवमा शून्यमा झरेको छ । अदालतमा एक वर्षदेखि १८ महिनाभित्रका आठ, छ महिनादेखि एक वर्षभित्रका १७७ र छ महिनाभित्रका ३१४ मुद्दामात्र बाँकी छन् । ४९९ मुद्दा फर्स्योट हुन बाँकी रहेको अदालतका उपरजिस्ट्रार निलप्रसाद पनेरुले जानकारी दिए ।

अघिल्लो आवबाट जिम्मेवारी सरेर आएका ७५० र नयाँ दर्ता भएका एक हजार ३१९ गरी गत आवमा दुई हजार ६९ मुद्दा रहेकामा एक हजार ५७० अर्थात् ७५.८८ प्रतिशत मुद्दा फर्स्योट भएका थिए । उच्च अदालतले आव २०८१/८२ मा लक्ष्यको ७८.०७ प्रतिशत मुद्दा फर्स्योट गरेकामा गत आवमा भने फर्स्योट दर केही घटेको हो । गत आवमा फर्स्योट भएका मुद्दामध्ये देवानी प्रकृतिका ४७५, फौजदारी मुद्दा ३०३ र रिट १९२ रहेका छन् ।

सर्वोच्च अदालतको पञ्चवर्षीय रणनीतिक योजनाअन्तर्गत अदालतले मुद्दाको फर्स्योटमा तीव्रता दिँदै आएको उपरजिस्ट्रार पनेरुले बताए । छरितो र चुस्त कार्यसम्पादनका कारण मुद्दा फर्स्योटमा सुधार आएको उनको भनाइ छ । उच्च अदालतले जुनसुकै प्रकृतिका मुद्दालाई १८ महिनाभित्रमा फर्स्योट गर्ने र दुई वर्ष नाघेका मुद्दाको संख्या शून्यमा पुर्‍याउने लक्ष्यसहित न्याय सम्पादन गर्दै आएको थियो । उच्च अदालतले मुद्दाका मिसिलको विद्युतीय अभिलख राख्ने कार्यलाई पनि अगाडि बढाएको छ ।


**कुवेतमा रोजगारको अवसर** — Free Visa!! Free Ticket!!

कम्पनी : Gulf Dredging And General Contracting Company

पूर्व स्वीकृति मिति : २०८३/०४/०१ | LT. No. 345157 | चलानी नं. ६०२५८४७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 50 | 0 | 100 | ४१,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 10 | 0 | 250 | १२४,४२० | | | | | | | |
| 3 | Heavy Duty Drivers | 5 | 0 | 180 | ८९,४३० | | | | | | | |
| 4 | Labour | 50 | 0 | 100 | ४१,६८५ | | | | | | | |
| 5 | Scafolder | 50 | 0 | 120 | ५९,६२० | | | | | | | |
| 6 | Tea Boy, Office Boy | 20 | 0 | 120 | ५९,६२० | | | | | | | |
| 7 | Technician General | 20 | 0 | 140 | ६९,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्कः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तवारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७

**युएइमा रोजगार**

कम्पनी : DILBAG TECHNICAL SERVICES CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 345238 | चलानी नं. ६०२५८४७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plant Operator | 1 | 0 | 1800 | ७५,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Air Conditioning Technicians | 1 | 0 | 1800 | ७५,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1587/079/80
SAAD OVERSEAS PVT.LTD.
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Mobile : 9814452152, Email: - saadoverseas25@gmail.com

**बहराइनमा रोजगार**

कम्पनी : AL FATEH CLEANING AND MAINTENANCE COMPANY W.L.L

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 330299 | चलानी नं. ६०२४४११२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 100 | 50 | 100 | ४०,९११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४
SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

**साउदीमा रोजगार**

कम्पनी : SAM UNITED TRANSPORT AND LOGISTICS COMPANY ONE PERSON

पूर्व स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 345175 | चलानी नं. ६०२५८४५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ७३,७२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**साउदीमा रोजगार**

कम्पनी : BETT AMAL AL RAYYAD

पूर्व स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 345190 | चलानी नं. ६०२५८४२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor Loading Unloading | 3 | 0 | 1300 | ५३,२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Career International Services [P.] Ltd.
License No. : 646/063/064
घुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Dhana Kumari Lama 9851219835
Deepak Khatiwada 9861854817, Email : info@career-intl.com, Website : www.career-intl.com

**मलेसियामा रोजगार**

कम्पनी : UNION SANGYO SDN BHD | शहर : Saudi Arabia,Riyadh

पूर्व स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 345207 | चलानी नं. ६०२५८४४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker (Machine Operator) | 5 | 0 | 1700 | ६३,९२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHREESHA INTERNATIONAL PVT.LTD.
Govt. License 1573/079/080
Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700
Email: info@shreeshainternational.com, www.shreeshainternational.com
For Location

**युएइमा रोजगार**

कम्पनी : PAK WHEEL TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०४/०४ | LT. No. 345220 | चलानी नं. ६०२५८४५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant / Helper | 6 | 0 | 1200 | ५०,२८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Asst Electrician | 1 | 0 | 1400 | ५८,६६१ | | | | | | | |
| 3. | Labourer Building Worker | 2 | 0 | 1200 | ५०,२८१ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STUPA OVERSEAS SERVICES PVT. LTD.
श्रम ईजाजत नं. ७०२/०६३/०६४
New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4533418, Jhal Nath Chamlagain (Contact No. 9707570238)
E-mail: info@stupaoverseas.com, URL: www.stupaoverseas.com

प्रभाव दैनिक




## मदन पुरस्कारका लागि उत्कृष्ट १० कृति सार्वजनिक

मदन पुरस्कार गुठीले 'मदन पुरस्कार-२०८२' का लागि उत्कृष्ट १० कृतिको सूची सार्वजनिक गरेको छ । पुरस्कारका लागि मनोनयन परेकामा अज्ञात (केशवराज झवाली), इथा (केशव दाहाल), उत्कर्ष (ललित विष्ट), नेपालमण्डलसँग जोडिएको सिमौनगढको सिमानाको इतिहास (रोशनकुमार झा), नेपाल समुदायका परम्परागत मृत्युगीत (वीणा जोशी (राजभण्डारी), परिधि (उमा सुवेदी) महायुग (सीमा आभास) सलह (श्रवण मुकारुङ), स्वप्नस्पर्श (डा नवराज केसी), हिउँद (नदीशा) रहेको गुठीका अध्यक्ष कुन्द दीक्षितद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।




मंगलबार, ०५ साउन २०८३ (Tuesday, 21 July 2026)

# 'चलचित्र क्षेत्र प्रवर्द्धनका लागि सरकारले आवश्यक सहयोग गर्छ'



■ प्रभाव संवाददाता

**काठमाडौं–** सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनासँग 'एभरेस्ट इन्टर नेसनल फिल्म फेस्टिभल' का संस्थापक अध्यक्ष ली होङ्शुको नेतृत्वमा आएको चिनियाँ प्रतिनिधिमण्डलले सोमबार मन्त्रालयमा शिष्टाचार भेटवार्ता गरेको छ । उक्त अवसरमा नेपाल-चीनबीच चलचित्र, संस्कृति र पर्यटन प्रवर्द्धनका क्षेत्रमा सहकार्य विस्तार गर्नेलगायतका विषयमा छलफल भएको थियो ।

भेटका अवसरमा सञ्चारमन्त्री डा. तिमिल्सिनाले अन्तरराष्ट्रिय चलचित्र महोत्सवलगायतका कार्यक्रमले नेपाल र चीनबीचको सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउने विश्वास व्यक्त गर्दै द्विदेशीय सम्बन्ध विस्तारका पक्षमा हुने प्रवर्द्धनात्मक गतिविधिमा सहयोग गर्न सरकार तयार रहेको स्पष्ट गरे ।

चलचित्र महोत्सवले नागरिकस्तरमा सम्बन्ध विस्तार गर्नुका साथै पर्यटन प्रवर्द्धनमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गर्दै उनले आपसी हित र साझा लाभका आधारमा आगामी दिनमा पनि सहकार्यलाई निरन्तरता दिनुपर्ने धारणा राखे ।

यसैगरी, सञ्चारमन्त्री डा. तिमिल्सिनाले बाह्य पर्यटकका रूपमा उल्लेख्य संख्यामा चिनियाँ नागरिक नेपाल आउने गरेको प्रसंग उल्लेख गर्दै प्राकृतिक सम्पदा, संस्कृतिक तथा पर्यटकीय गन्तव्यलाई अन्तरराष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न चलचित्र प्रभावकारी माध्यम बन्न सक्ने धारणा व्यक्त गरे । उनले नेपाली चलचित्रलाई विश्व बजारमा पुऱ्याउन तथा अन्तरराष्ट्रिय पहुँच विस्तार गर्न सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

चिनियाँ प्रतिनिधिमण्डलका नेता तथा 'एभरेस्ट इन्टरनेसनल फिल्म फेस्टिभल' का संस्थापक अध्यक्ष ली होङ्शुले नेपाल चीनको घनिष्ठ मित्र राष्ट्र भएको उल्लेख गर्दै प्राकृतिक सौन्दर्यसहित सांस्कृतिक विविधताका कारण चलचित्र छायाङ्कनका लागि नेपाल उत्कृष्ट गन्तव्य रहेको बताए । उनले अनुकूल वातावरणका कारण चलचित्र निर्माणका साथै सांस्कृतिक आदानप्रदान, पर्यटन प्रवर्द्धन र नागरिकस्तरको सम्बन्ध सुदृढ गर्न नेपाल अनुपमस्थल रहेको धारणा व्यक्त गरे ।

'एभरेस्ट इन्टरनेसनल फिल्म फेस्टिभल' नेपाल र चीनबीच चलचित्र तथा सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउने उद्देश्यले सञ्चालन गरिएको द्विपक्षीय पहल हो । महोत्सवले नेपाली चलचित्रलाई चिनियाँ बजारसँग जोड्ने महत्त्वपूर्ण मञ्चका रूपमा काम गरिरहेको चलचित्र विकास बोर्डका अध्यक्ष दिनेशराज दाहालले बताए । उनका अनुसार सन् २०२६ अप्रिल १४ देखि १९ तारिखसम्म चीनको हुनान प्रान्तस्थित चाङ्सा र हेङयाङ सहरमा आयोजना गरिएको महोत्सव नेपाल-चीन कूटनीतिक सम्बन्ध स्थापना भएको ७१औं वर्षको अवसरमा सम्पन्न भएको थियो ।

महोत्सवका लागि नेपालबाट २३ वटा चलचित्र आवेदन परेकामा ११ वटा प्रारम्भिक छनोटमा परेका थिए । त्यसपछि चिनियाँ सेन्सर प्रक्रियाबाट अन्तिमरूपमा 'अञ्जिला', 'छक्का पञ्जा ५', 'तेल भिसा', 'महाजात्रा', 'कबड्डी ४' र 'होस्टेल ३' गरी छ वटा नेपाली चलचित्र प्रदर्शनका लागि स्वीकृत भएका थिए । ती चलचित्रहरू चिनियाँ 'सबटाइटल' सहित सम्बन्धित चिनियाँ निकायको स्वीकृतिपछि चाङ्सा र हेङयाङका चलचित्र हलमा प्रदर्शन गरिएको थियो ।

सो महोत्सवमा पुरस्कृत चलचित्रहरूको पुरस्कार वितरण कार्यक्रम भोलि साउन ५ गते मंगलबार चलचित्र विकास बोर्ड, काठमाडौंमा हुने अध्यक्ष दाहालले जानकारी दिए ।

# सुव्रतको निर्देशनमा 'हजारौंमा एक'को घोषणा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली फिल्म 'हजारौँमा एक' निर्माण हुने भएको छ । निर्भाना प्रोडक्सन र डीएडी प्रोडक्सनको सहकार्यमा बन्ने फिल्मलाई सुव्रत आचार्यले निर्देशन गर्नेछन् ।

एक्सन-एड्भेन्चर विधामा निर्माण हुन लागेको 'हजारौँमा एक' रहस्य र अलौकिक कल्पनामा आधारति रहेको निर्माण पक्षले जनाएको छ । उच्चस्तरीय निर्माण शैली अपनाइने फिल्मले नयाँ मानक स्थापित गर्न सक्ने लक्ष्य राखिएको छ ।

फिल्मको कथा सीता मायाले परिकल्पना गरेकी हुन् । उनी यो फिल्मकी प्रस्तुतकर्ता समेत हुन् । दीपेन्द्र गौतम 'माइकल' कार्यकारी निर्माताको भूमिकामा रहनेछन् भने छायांकन हरि हुमागाईंले गर्ने तय भएको छ ।

फिल्मको मूल भाषा नेपाली रहने भएपनि यसलाई अन्तर्राष्ट्रिय दर्शकमाझ पुऱ्याउने उद्देश्यले हिन्दी र मलयालममा समेत डबिङ गरिने जनाइएको छ । फिल्मका परिकल्पनाकार तथा मुख्य अभिनेता भारत केरलाको मलयालम फिल्म उद्योगसँग आबद्ध छन् ।

मुख्य अभिनेतासम्बन्धी विस्तृत जानकारी फिल्मको फर्स्ट लुक सार्वजनिक गर्ने क्रममा दिइने भएको छ । मलयालम फिल्म उद्योगका केही कलाकार र प्राविधिकहरूको समेत 'हजारौँमा एक' मा सहभागिता रहने निर्देशक आचार्यले जानकारी दिए ।

फिल्मको पटकथालाई नेपाली परिवेश अनुकूल संवाद रूपान्तरण तथा परिमार्जन गर्ने कार्य लेखक शान बस्नेतले गरिरहेका छन् । छायांकन आगामी फागुनदेखि सुरू गर्ने तयारी भइरहेको छ ।

निर्माण पक्षका अनुसार फिल्मको प्रमुख भूमिकामा नेपाली कलाकारहरू रहनेछन् भने छायांकन, संगीत र अधिकांश प्राविधिक टोली पनि नेपाली नै रहनेछन् । फिल्मको अनुमानित लागत चार करोड रूपैयाँ छ ।

## रंगशाला




# स्पेन दोस्रोपटक विश्व च्याम्पियन



■ प्रभाव संवाददाता

**काठमाडौं–** साविक विजेता अर्जेन्टिनालाई हराउँदै स्पेनले १६ वर्षपछि फिफा विश्वकपको उपाधि जितेको छ ।

अमेरिकाको न्युयोर्कस्थित न्यु जर्सी स्टेडियममा भएको फाइनल खेलमा अर्जेन्टिनालाई १-० ले पराजित गर्दै स्पेनले दोस्रोपटक विश्वकपको उपाधि जितेको हो ।

स्पेनलाई उपाधि जिताउन फेरान टोरेसले खेलको १०६औं मिनेटमा गरेको गोल पर्याप्त बनेको थियो । फाइनल १२० मिनेटको खेलमा त्यही मात्र गोल सम्भव भएको थियो ।

टोरेसले पेनाल्टी बक्सभित्र बाउन्स भइरहेको बललाई आफ्नो देब्रे खुट्टाले प्रहार गर्दै क्रसबारको ठीक मुनिबाट जाली चुमाएका थिए । निर्धारित ९० मिनेटमा दुवैतर्फबाट गोल हुन नसकेपछि खेल अतिरिक्त समयमा धकेलिएको थियो ।

निर्धारित समयको अन्तिम समयमा एन्जो फर्नान्डेजले दोहोरो पहेँलो कार्ड पाउँदै मैदान बाहिरिएपछि अर्जेन्टिना १० खेलाडीमा सीमित भएको थियो । अतिरिक्त समयको दोस्रो हाफको सुरुवातमै स्पेनले अग्रता लिँदै उपाधि हात पाऱ्यो ।

स्पेनले खेलको अधिकांश समय अर्जेन्टिनालाई दबाबमा राख्यो । स्पेनले सन् २०१० मा पछिल्लोपटक विश्वकपको उपाधि जितेको थियो । यसपटक फाइनलमा अर्जेन्टिनालाई हराउँदै स्पेनले १६ वर्षपछि विश्वकपको उपाधि जित्न सफल भयो ।

स्पेनले यस प्रतियोगिताका आठ खेलहरूमा मात्र एक गोल ब्यहोऱ्यो, जसले कुनै पनि च्याम्पियन टोलीले सबैभन्दा कम गोल खाएको नयाँ विश्वकप कीर्तिमान कायम गरेको छ ।

स्पेन अहिले आफ्ना पछिल्ला ३८ खेलहरूमा अपराजित रहेको छ । जसमा २९ जित र ९ बराबरी भएका छन् । यो कुनै पनि युरोपेली टोलीले बनाएको इतिहासकै सबैभन्दा लामो अपराजित यात्रा हो ।

यसअघि इटालीले अक्टोबर २०१८ देखि सेप्टेम्बर २०२१ सम्म ३७ खेलहरू ९२८ जित, ९ बराबरीको कीर्तिमान बनाएको थियो । जसलाई स्पेनले नै तोडेको थियो ।

पछिल्लो दुई वर्षभन्दा बढी समयदेखि स्पेनलाई कसैले हराउन सकेको छैन । अर्जेन्टिनाले सन् २०२२ को विश्वकपको उपाधि जितेको थियो ।

### विधागतमा पनि स्पेनकै बर्चस्व

फिफा विश्वकप २०२६ को विधागत पुरस्कारमा पनि च्याम्पियन स्पेनले वर्चस्व जमाएको छ । च्याम्पियन टोलीका सेन्टरब्याक पाउ कुबार्सी प्रतियोगिताको सर्वोत्कृष्ट युवा खेलाडी घोषित भए । प्रतियोगिता अवधिभर मात्र एक गोल खाएका स्पेनिस गोलकिपर उनाइ सिमन्सले गोल्डेन ग्लोब जित्दा कप्तान रोड्रीले गोल्डेन बल अर्थात सर्वोत्कृष्ट खेलाडीको पुरस्कार जिते । फ्रेन्च स्ट्राइकर किलियन एमबाप्पेले लगातार दोस्रो संस्करण गोल्डेन बुट जिते । उनले प्रतियोगिता अवधिभर कूल १० गोल गरे ।

न्युयोर्क न्युजर्सी रंगशालामा वैकल्पिक खेलाडीका रूपमा मैदान प्रवेश गरेका स्ट्राइकर फेरान टोरेसले निर्णायक गोल गरेका थिए ।

## काभा भलिबल च्याम्पियनसिप

# नेपाली टोली पाकिस्तान प्रस्थान



**काठमाडौं (प्रस)–** पाकिस्तानको राजधानी इस्लामावादमा यही जुलाई २२ देखि २९ सम्म हुने काभा पुरुष भलिबल च्याम्पियनसिपका लागि नेपाली टोली सोमबार त्यसतर्फ प्रस्थान गरेको छ ।

प्रतियोगितामा नेपालसहित आयोजक पाकिस्तान, श्रीलंका, काजकिस्तान, अफगानिस्तान र बंगलादेशको सहभागिता छ । सिंगल राउन्ड रोबिन लिगपछि शीर्ष चार टोली सेमिफाइनलमा प्रवेश गर्नेछन् ।

प्रतियोतिगालाई शीर्ष चारमा अटाउन नसक्ने टोलीले पाँचौं स्थानका लागि प्रतिस्पर्धा गर्नेछन् । सेमिफाइनल १ मा शीर्ष र चौथो स्थानमा रहने टोलीबीच भिडन्त हुनेछ । त्यस्तै सेमिफाइनला २ मा दोस्रो र तेस्रो स्थानमा रहने टोलीले एकअर्कासँग खेल्नेछन् । नेपालले पहिलो दिन बंगलादेशसँग खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछ । त्यसपछि नेपालले काजकिस्तान, श्रीलंका र अफगानिस्तानसँग खेल्ने तालिका छ ।

### नेपाली टोली:

**खेलाडी**: सुनिल बोहोरा, पहल गहतराज, सन्तोष विक, सरोज वर्देवा, राजेन्द्र धामी, सुरज चुनरा, नृपध्वज बस्नेत, रवीन नगरकोटी, हिमाल सुनारी, हरीहजुर थापा, दीपेश कुँवर र विनोद बहादुर चन्द
**मुख्य प्रशिक्षक**: जगदीश प्रसाद भट्ट
**सहायक प्रशिक्षक**: रूपेश कुमार विष्ट
**व्यवस्थापक**: सोम बहादुर श्रेष्ठ

# भाटभटेनीको 'ब्रान्ड एम्बेसडर'मा रविन्द्र

■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)–** मिक्स मार्सल आर्ट्स (एमएमए) का अन्तराष्ट्रिय खेलाडी रविन्द्र ढाटलाई भाटभटेनी सुपरमार्केटले ब्रान्ड एम्बेसडर नियुक्त गरेको छ ।

भाटभटेनी र भाटभटेनी अन्तर्गतको पेपे पिज्जाले रविन्द्रलाई तीन वर्षका लागि ब्राण्ड एम्बेसडर नियुक्त गरेको हो ।

रविन्द्रको अन्तराष्ट्रिय खेल करियरमा सहयोग पुर्‍याउने उद्देश्यले रविन्द्रलाई ब्राण्ड एमबेसडर नियुक्त गरिएको भाटभटेनीले जनाएको छ । सम्झौता अनुसार भाटभटेनीले रविन्द्रलाई नगद र जिन्सी सहित तीन वर्ष प्रायोजन गर्नेछ ।

सम्झौताको रकम दुवै पक्षले खुलाएका छैनन् । तर स्रोतका अनुसार यस सम्झौता करिब ५० लाख रूपैयाँ बराबरको रहेको छ । प्रायोजकको रूपमा भाटभटेनीले तीन वर्षमा करिब ४० लाख नगद र १० लाखको जिन्सी गरी ५० लाख रूपैयाँ बराबरको सहयोग रविन्द्रलाई प्रदान गर्नेछ ।

रविन्द्रले भाटभटेनी सहित पेपे पिज्जा, पेपे आईसक्रिमको ब्राण्डको प्रचार र प्रबर्द्धन गतिविधिमा प्रतिनिधित्व गर्नेछन् ।

# प्रश्नपत्र चुहावटविरुद्ध भारतमा युवा आन्दोलन चर्कियो




**नयाँदिल्ली–** प्रहरीले अनुमति नदिए पनि शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै युवाहरूको नेतृत्वमा रहेको 'कक्रोच' आन्दोलनका हजारौं समर्थक सोमबार संसद् भवनतर्फ मार्च गर्ने उद्देश्यले नयाँदिल्लीमा भेला भएका छन् ।

राजधानीको जन्तरमन्तर क्षेत्रमा ठूलो संख्यामा प्रहरी परिचालन गरिएको छ भने संसद् आसपास सुरक्षा व्यवस्था कडा पारिएको छ । प्रदर्शनकारीहरूले अघि बढ्ने प्रयास गरे झडप हुन सक्ने भन्दै प्रहरीले उनीहरूलाई लाउडस्पिकरमार्फत तितरबितर हुन आग्रह गरेको छ ।

प्रदर्शनमा विद्यार्थी, विभिन्न पेसाका व्यक्तिहरू तथा परिवारसहितका सर्वसाधारण सहभागी भएका छन् । उनीहरूले भारतीय झण्डा बोकेर शिक्षामन्त्री प्रधान र प्रधानमन्त्री नरेन्द्र मोदीविरुद्ध नाराबाजी गरेका छन् ।

'कक्रोच जनता पार्टी' नामबाट परिचित यो आन्दोलन मे महिनामा सर्वोच्च अदालतका प्रधानन्यायाधीशले एक फरक मुद्दाको सुनुवाइका क्रममा केही बेरोजगार युवालाई 'कक्रोच' (साङ्ला) सँग तुलना गरेपछि सुरु भएको हो । प्रदर्शनकारीहरूले उक्त टिप्पणीलाई व्यंग्यात्मकरूपमा आत्मसात् गर्दै सामाजिक सञ्जालमार्फत आन्दोलनलाई व्यापक बनाएका हुन् ।

मेडिकल कलेज र सरकारी सेवाका प्रवेश परीक्षाको प्रश्नपत्र पटक-पटक चुहिएको घटनापछि बढेको असन्तुष्टिले आन्दोलनलाई थप बल दिएको हो । शनिबार अनशनरत अभियन्ता सोनम वाङचुकलाई प्रहरीले अस्पताल लगेको घटनापछि आन्दोलनले अझ व्यापक समर्थन पाएको छ ।

प्रदर्शनकारीहरू विगत एक महिनादेखि जन्तरमन्तरमा धर्ना दिँदै आएका छन् । उनीहरूले शिक्षामन्त्रीको राजीनामा, परीक्षा प्रणालीमा सुधार तथा प्रश्नपत्र चुहिएपछि आत्महत्या गरेका विद्यार्थीका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका छन् ।

वाङचुकले सरकारले शिक्षा प्रणालीको सुधारका लागि ठोस प्रतिबद्धता जनाए वा प्रदर्शनकारीलाई संसद्सम्म पुग्न दिएर सांसदहरूले यी मुद्दा संसद्मा उठाउने सुनिश्चित गरेमा मात्र आफ्नो करिब तीन सातादेखिको अनशन अन्त्य गर्ने बताएका छन् ।

दिल्ली प्रहरीले भने संसद्को मनसुन अधिवेशन सुरु भएकाले सुरक्षा कारण देखाउँदै मार्चको अनुमति नदिइएको जनाएको छ । प्रधानमन्त्री मोदी नेतृत्वको सरकारका लागि यो आन्दोलन सार्वजनिक रूपमा देखिएको दुर्लभ चुनौती बनेको छ । विपक्षी दल, नागरिक अधिकारकर्मी तथा केही बलिउड कलाकारहरूले पनि आन्दोलनप्रति समर्थन जनाएका छन् ।

यद्यपि सरकारका वरिष्ठ मन्त्रीहरूले आन्दोलनप्रति कडा धारणा अपनाएका छन् । शिक्षामन्त्री प्रधानले प्रदर्शनकारीमाथि राष्ट्रविरोधी गतिविधिमा संलग्न भएको आरोप लगाएका छन् भने अन्य मन्त्रीहरूले विद्यार्थीहरूको चिन्ता जायज भए पनि आन्दोलनसँग वार्ताको आवश्यकता नरहेको बताएका छन् ।

प्रदर्शनमा सहभागी योग प्रशिक्षक ज्योति राजपुतले शिक्षा प्रणालीमा सुधारका लागि आन्दोलनमा सहभागी भएको बताउँदै सरकार विद्यार्थीहरूको पीडाप्रति संवेदनशील नभएको आरोप लगाए । *रासस/एपी*

# वार्ताका लागि मध्यस्थकर्तामार्फत कूटनीतिक च्यानल सक्रिय

**तेहरान–** इरान र अमेरिकाबीच लगातार जवाफमा हमलाहरू भइरहेको समय इरानले मध्यस्थकर्ताहरूबाट युद्धविरामका लागि कूटनीतिक प्रस्तावहरू प्राप्त गरेको जनाएको छ ।

विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाइले सोमबार तेहरानमा साप्ताहिक पत्रकार सम्मेलनमा कतारले अमेरिका-इरान वार्ता पुनः सुरु गर्न र १० दिनको युद्धविरामका लागि नयाँ प्रस्ताव ल्याएको रिपोर्टबारे उनलाई सोधिएको प्रश्नको जवाफमा अन्य विवरण नदिई मध्यस्थकर्ताहरूबाट युद्धविरामका लागि कूटनीतिक प्रस्तावहरू प्राप्त गरेको पुष्टि गरेका हुन् ।

बघाइले इरानको कूटनीतिक संयन्त्र अमेरिकाको हमलाको सैन्य जवाफसँगै सक्रिय रहेको बताएका छन् । उनले अमेरिकाले हालै गरेको नागरिक पूर्वाधार (पुल र चिकित्सा केन्द्र) माथिको हमलाको निन्दा गर्दै यसलाई 'जनताको जीवन, सुरक्षा र मानवीय सम्मानको अधिकार'को उल्लंघनको संज्ञा दिए ।

जुन १८ मा वासिङ्टनसँग हस्ताक्षर गरिएको शान्ति समझदारीपत्रबारे उनले भने, 'उक्त सम्झौताको 'पाठ पूर्णरूपमा स्पष्ट छ' र सम्झौताको बाचा तोड्न वासिङ्टनसँग कुनै बहाना छैन ।'

उनले तेहरानले 'प्रतिबद्धता' अनुसार अघि बढेको बताए । वासिङ्टनले बारम्बार आफ्नो प्रतिबद्धता तोडेपछि तेहरानले पनि आफ्नो दायित्व रोकेको उनको दाबी छ । हरमुज जलडमरूमध्यबारे इरानले उक्त जलमार्गमाथि आफ्नो सार्वभौमिकता प्रयोग गर्ने र आफ्नो हितविरुद्ध कुनै 'दुरूपयोग' रोक्ने अडान उनले दोहोर्‍याए ।

अमेरिकाले गत हप्ता इरानका दक्षिणी प्रान्तहरूमा पटक-पटक हमला गरेको थियो र यसलाई 'व्यावसायिक जहाजहरूलाई इरानबाट हुने खतरा कम गर्ने' उद्देश्यले गरिएको बताएको थियो । इरानले जवाफमा कुवेत, बहराइन र जोर्डनमा रहेका अमेरिकी सैन्य आधार र सुविधाहरूलाई लक्षित गरी मिसाइल र ड्रोन आक्रमणको गरेको छ । *रासस/सिन्ह्वा*

# अमेरिका-इरान द्वन्द्व चर्किंदा कच्चा तेलको मूल्य उकालो

**हङकङ–** संयुक्त राज्य अमेरिका र इरानबीच बढ्दो सैन्य तनावका कारण सोमबार अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य एक महिनायताकै उच्च बिन्दुमा पुगेको छ । यसैबीच, मध्यपूर्व युद्धको सम्भावित प्रभावको मूल्यांकन गरिरहेका लगानीकर्ताका कारण एसियाली सेयर बजारमा मिश्रित कारोबार भएको छ ।

गत सातादेखि अमेरिका र इरानबीचको सैन्य टकराव चर्किएसँगै विश्वको समुद्री तेल आपूर्तिको करिब पाँचौं भाग ओसारपसार हुने हर्मुज जलसन्धिमा अवरोध आउन सक्ने चिन्ताले कच्चा तेलको मूल्य बढाएको हो । अन्तर्राष्ट्रिय मापदण्ड ब्रेन्ट कच्चा तेल र अमेरिकी मापदण्ड वेस्ट टेक्सास इन्टरमिडिएट (डब्लुटिआई) दुवैको मूल्य गत साताको अन्त्यमा चार प्रतिशतभन्दा बढीले बढेको थियो । सोमबार ब्रेन्टको मूल्य प्रतिब्यारेल ९१ अमेरिकी डलर नाघ्दै जुन ११ यताकै उच्च बिन्दुमा पुगेको छ ।

यो वृद्धि अमेरिकाले इरानी सैन्य लक्ष्यहरूमा थप हवाई आक्रमण गरेपछि तथा इरानले खाडी क्षेत्रमा रहेका अमेरिकी तथा साझेदार राष्ट्रका सैन्य सम्पत्तिमाथि जवाफी आक्रमण गरेपछि भएको हो । बजारमा बढ्दो भू-राजनीतिक तनावसँगै लगानीकर्ताहरू आर्थिक दृष्टिकोणबारे अन्योलमा छन् । उच्च तेल मूल्यले मुद्रास्फीति फेरि बढ्न सक्ने र केन्द्रीय बैंकहरूको ब्याजदर कटौतीको योजनामा असर पर्न सक्ने चिन्ता बढाएको छ ।

एसपिआई एसेट म्यानेजमेन्टका विश्लेषक स्टिफन इनेसले भने, 'बजारले एकैपटक दुई विपरीत अवस्थाको सामना गरिरहेको छ । एकातिर भू-राजनीतिक जोखिमले तेलको मूल्य बढाइरहेको छ भने अर्कोतर्फ अमेरिकी मुद्रास्फीति घट्दै गएको र श्रमबजार नरम बन्दै गएकाले व्यापक मुद्रास्फीतिको नयाँ चक्र सुरु हुने सम्भावना कम देखिन्छ ।'

उनका अनुसार तेलको मूल्य लामो समयसम्म उच्च रहेमा त्यसले घरायसी खर्च घटाउन र आर्थिक वृद्धिमा दबाब सिर्जना गर्न सक्छ । एसियाली सेयरबजारमा सोमबार मिश्रित कारोबार भयो । चीनले अर्थतन्त्रलाई थप प्रोत्साहन दिन नयाँ उपाय सार्वजनिक गर्ने अपेक्षाले हङकङ र सांघाईका बजारमा उल्लेखनीय वृद्धि भएको छ । हङकङको सूचकांक दुई प्रतिशतभन्दा बढी र सांघाइको सूचकांक १.३२ प्रतिशतले उकालो लागेको छ । ताइपेई, मनिला र सिंगापुरका बजार पनि बढेका छन् ।

यता सियोल, सिड्नी र वेलिंटनका बजारमा भने सावधानीपूर्ण कारोबार देखिएको छ । गत शुक्रबार वाल स्ट्रिटका तीनवटै प्रमुख सूचकांक गिरावटमा बन्द भएपछि लगानीकर्ताहरू अझ सतर्क बनेका छन् । यसैबीच, भू-राजनीतिक तनावका बाबजुद अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य ०.४० प्रतिशतले घटेको छ भने चाँदीको मूल्य एक प्रतिशतले बढेको छ । *रासस/एएफपी*


## Shubhalabh
Multipurpose Co-Operative Ltd.
Head Office : Satdobato, Lalitpur,
Tel No.01-5915264, 01 5915262, 01-5915280, 01-5913268, E-mail : shubha_mcl@ntc.net.np

**गैरबैंकिङ सम्पति बिक्रीको लागि**
**गोप्य सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सूचना !**

*प्रथम पटक प्रकाशित मिति २०८३/०३/२१ गते, आइतबार*
*दोस्रो पटक प्रकाशित मिति २०८३/०४/०५ गते, मंगलबार*

यस संस्थाको स्वामित्वमा रहेको तपसिलमा उल्लेखित सम्पति (जग्गा) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट विक्री गर्ने हुँदा सो सम्पति (जग्गा) खरिद गर्न इच्छुक फर्म, व्यक्तिबाट आफूले के कति मूल्यमा खरिद गर्न चाहेको हो सो रकम उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिन** भित्र यस संस्थाबाट उपलव्ध गराइने फाराम भरी सिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिएको छ ।

**तपसिल**
**संस्थाको नाममा रहेका गैरबैकिङ सम्पतिको विवरण :**

| क्र.सं. | जिल्ला | ग.वि.स/न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | ललितपुर | ईमाडोल | ९ | २७६ | २०४ व.मि. |

**सिलबन्दी बोलपत्रका शर्तहरू :**
१. गोप्य सिलबन्दी बोलपत्र सम्बनधी शर्तहरू बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । सो शर्तहरू यसै सूचनाको अभिन्न अंग हुनेछन् ।
२. बोलपत्र फाराम संस्थाको कार्यालय सातदोबाटोबाट नगद रु.१०००/- जम्मा गरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ, साथै बोलपत्र फाराममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन् ।
३. बोलपत्र साथ आफुले कवोल गरेको मूल्यको कम्तीमा १०% रकम संस्थाको नाममा Good For Payment उल्लेख गरिएको चेक वा संस्थामा नगद जम्मा गरी वा एन.आई.सि एशिया बैंक लि. को खाता नं २७४१५०३९११५२४००१ मा जम्मा भएको नगदी भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
४. बोलपत्रका साथ बोलपत्र दाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र तथा कर च'क्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन तल उल्लेखित स्थान र समयमा बोलपत्र दाता वा निजका प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. माथि उल्लेखित सम्पतिहरू निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै यस संस्थाको मुख्या कार्यालय सातदोबाटोमा सम्पर्क गरी निरीक्षण गर्न सकिनेछ ।
७. बोलपत्र स्वीकृत भए पछि संस्थाद्वारा प्रदान गरिने समय भित्र बोलकवोल गरेको सम्पुर्ण रकम बुझाई सम्पति आफ्नो नाममा नामसारी गरिलिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. स्वीकृत भएको बोलमत्र अनुसारको सम्पति बोलपत्र दाताको नाममा नामसारी, दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन पास दस्तुर, लाभ कर तथा अन्य सम्पूर्ण शुल्कहरू बोलपत्रदाता स्वयम्ले नै व्यहोर्न पर्नेछ ।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म धरौटी रकम फिर्ता दिइने छैन । साथै धरौटी राखिएको रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
१०.बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित हुनेछ ।

**सिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति** : २०८३/०४/१२ गते, दिउँसो ४:०० बजेसम्म
**स्थान** : ललितपुर-१५, सातदोबाटो संस्थाको कार्यालय भवन
**सिलबन्दी बोलपत्र खोलिने मिति** : २०८३/०४/१३ गते, दिउँसो १:०० बजे



## युएइमा रोजगार
कम्पनी : MUKUM LUNG BUILDINGS MAINTENANCE AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८३/04/08 | LT. No. 345240 | चलानी नं. ६०२५८४६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Construction Worker | 50 | 0 | 1000 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०७/०५९/६०
BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906, Email: service.bhairabintl@gmail.com



## मलेसियामा रोजगार
कम्पनी : MARUTTI CASH AND CARRY SERVICES

पूर्व स्वीकृति मिति : २०८३/04/08 | LT. No. 345201 | चलानी नं. ६०२५८४५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Wholesale/retail Store Workers | 2 | 0 | 1700 | ६३,९२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : 1 SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१२/२८ | LT. No. 321852 | चलानी नं. ६०२३५९५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 3 | 0 | 1700 | ६३,९२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन १२ गते (28th July 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81
STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com



## ABSOLUTELY ZERO COST RECRUITMENT Opportunity for Malaysia !!
## पूर्णतया शून्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारीको अवसर !!

**Free Visa, Free Ticket from Kathmandu to Malaysia, Free Bio-Medical, Free Service Charge, Free Transportation (after selection) Free Passport Cost, Free Lodging and Meals (after selection).**
निःशुल्क भिषा, निःशुल्क हवाइ टिकट काठमाडौं देखि मलेसियासम्म निःशुल्क स्वास्थ्य जाँच, सेवा शुल्क निःशुल्क, निःशुल्क यातायात (छनौट पश्चात), निःशुल्क आवास र खाना (छनौट पश्चात), निःशल्क राहदानी शुल्क ।

**रोजगारदाताको विवरण । Employer's Information:**
**Employer Company's Name: TERANG NUSA SDN BHD**
**रोजगारदाता कम्पनीको नामः तेराङ नुसा एस डि एन. बि एच डि.**
**Employer Company's Address/Job Site: Kota Bharu**
**रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थानः कोटा भरू**

| पुर्व स्वीकृति मिति : २०८२/१२/१८ Pre Approval Date: 4-1-2026 | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०४ Pre Approval Date: 7-20-2026 | चलानी नं.: ६०२५३७६३ Reference No: 60253763 | LOT NO. 340325 |
|---|---|---|---|

| सि.न | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्यनतम योग्यता | Monthly Basic Salary मासिक तलब QR | Monthly Basic Salary मासिक तलब ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working Hour per Day प्रति दिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accommodation Facility बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker जेनेरल वर्कर | 1 १ | 0 0 | Basic literacy skills साधारण लेखपढ गर्नसक्ने | 1700 १७०० | 64165 ६४१६५ | As per Malaysian Labour Law मलेसिया श्रम कानुन अुसनर | 7.5 Hrs ७.५ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

Employment Terms and Conditions /रोजगार नियम र सर्तहरु:
1. Nature of Job: General Worker in Manufacturing sector.
काम को प्रकृतिः उत्पादन क्षेत्रमा औद्योगिक कामदार
2. Overtime shall be voluntary. Overtime Payment Calculated as
ओभरटाइम स्वेच्छिक हुनेछ । ओभरटाइम भुक्तानी गणना
i) on Normal Days: Salary * 1.5 / सामान्य दिनमा * तलब १.५
ii) on Sundays/rest days: Salary * 2.0 / आइतबार/ विश्राम दिनः तलब * २.०
iii)on Public Holidays: Salary *3.0 / सार्वजनिक बिदामा तलब ८ ३.०
3. Rest Day:One day in a week in accordance to labor law in Malaysia.
विश्राम दिन मलेसियाको श्रम कानून अनुसार हप्तामा एक दिन ।
4. Public Holiday: Paid Holiday for atleast 11 public holidays in any one year of service in accordance to labor law in Malaysia.
सार्वजनिक बिदाः मलेसियाको श्रम कानून बमोजिम सेवाको कुनै एक वर्षमा कम्तिमा ११ सार्वजनिक बिदाको लागि भुक्तान गरिएको बिदा ।
5. Annual Leave:8 days for first two years of service.
वार्षिक बिदाः सेवाको पहिलो दुई वर्षको लागि ८ दिन ।
6. Sick Leave/ farem farar
i)Without Hospitalization: 14 days sick leave for each year of service for less than 2 years.
अस्पतालमा भर्ना बिना २ वर्ष भन्दा कम सेवाको प्रत्येक वर्षको लागि १४ दिन बिरामी बिदा ।
ii) Incase of Hospitalization:60 days sick leave in each calender year.
अस्पताल भर्ना भएको अवस्थामाः प्रत्येक पात्रो वर्षमा ६० दिन बिरामी बिदा ।
7. Medical and Accident Insurance: Under the current Social Security Organization (SOCSO) and if applicable, the Foreign Workers Health Insurance Scheme or any other insurance scheme as may be adopted by the Government of Malaysia which will be insured by employer.
हालको सामाजिक सुरक्षा संस्था (SOCSO) अन्तर्गत बीमा र यदि लागु हुन्छ भने, विदेशी कामदार स्वास्थ्य बीमा योजना (SPIKPA) वा मलेसिया सरकारले अपनाएको कुनै अन्य बीमा योजना जुन रोजगारदाताद्वारा गरिनेछ ।
8. Right to freedom of association and collective bargaining will be respected.
संघको अधिकार र सामुहिक बार्गेनिङलाई सम्मान गरिनेछ ।
9. Right to freedom of Religion.
धर्मको स्वतन्त्रताको अधिकार ।
10. Right to Freedom of Movement and allowed to repatriate without any Deposits.
आवतजावतको स्वतन्त्रताको अधिकार र कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति ।
11. Incase of Repatriation and Early Termination, Employer shall bear the cost of Transportation from Malaysia to Nepal.
स्वदेश फिर्ता भएमा र प्रारम्भिक समाप्ति भएमा, मलेसियाबाट नेपालसम्मको यातायात खर्च रोजगारदाताले बहन गर्नेछ ।

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकल शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | Abroad Medical cost borne by विदेशमागर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवनविमा कस्ले व्यहोर्ने र कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमाविमाहुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientation cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्वन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाता रोजगारदाताले व्यहोर्ने | By Employer Age 18-35= 3708 Above 35 age= 4931 रोजगारदाताले व्यहोर्ने उमेर १८-३५= ३७०८ ३५ वर्ष माथि= ४९३१ | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोने | By Employer रोजगारदाताले व्यहोने | By Employer रोजगारदाताले व्यहोर्ने |

फाइनल अन्तर्वार्ता ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को महाराजगञ्ज काठमाडौं, कार्यालयमा मिति २०८३ साउन १२ गते हुनेछ ।
**Interview will be conducted at the premises of Trust Nepal Overseas, Maharajgunj Kathmandu on 28th Jul. 2026.**
**' Candidates with working experience in a rubber factory in Malaysia will be given high priority '**
मलेसिया स्थित रबर कारखानामा काम गरेको अनुभविलाई विशेष प्राथमिकता दिइनेछ ।

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । वैदेशिक रोजगारमा जाने कामदारहरूबाट यस प्रा.लि. ले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहुने र नगद जम्मा गर्नु नपर्ने ।

**Trust Nepal Overseas Pvt. Ltd. does not have any branch or mediator representative. It is a non–fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions,no forced savings, no bonds, no cash deposits or any form of fees.**

**Note:** (नोट)
1. **This is an absolutely zero–cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.**
१. यो पूर्णतया शून्य लागत अन्तर्गतको रोजगारी हो । यसकारण, आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आवेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
2. **This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.**
२. यो भर्ती कुनै पनि प्रकारको पूर्वाग्रह वा भेदभाव विना स्वतन्त्ररूपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ ।

ठगहरूबाट सावधान रहनुहोस्/**Beware of Swindlers**
कृपया धोखाधडी, अबैध क्रियाकलाप वा भ्रष्टाचार बिरूद्ध ट्रष्ट नेपालको हेल्पलाइन नं ९८०२०२१३६१ मा वा इमेल ***tnocomplaint@trustnepal.com*** मा प्रतिशोध तथा धम्कीको डर विना रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोपनीयता सुनिश्चित राख्नेछौं ।
**Feel free to report against fraud, illegal activities or corruption in Trust Nepal's Helpline +9779802021361 or email at tnocomplaint@trustnepal.com without fear of reprisal or intimidation. We shall maintain confidentiality of the complainant/whistle blower.**

**वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :-** १. जापनो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन न हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Information provided by the Department of Foreign Employment (DOFE):** 1. Confirm that visa is issued under your name. 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble. 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement. 4. Before going abroad orientation or induction training should be attended compulsorily. 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same. 6. While going abroad use International Airport of Nepal or else you might be deceived. 7. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

Trust Nepal Overseas (P.) Ltd.
We are an ethical and responsible recruitment agency.
**ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.**
**Trust Nepal Overseas Pvt. Ltd.**
चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं, नेपाल, Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal
फोन: ४३७७१९०/४३७७१९६ फ्याक्स ९७७ १ ४३७९५८८,
Ph. No. 4377190/4377196, Fax No. 977 1 4379588, Email: info@trustnepal.com
Hotline No. **9802021361**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८४६०० | प्रति तोला – ० | प्रति तोला – ४३२० |



**संकटमा पुर्ख्यौली पेसा** | कुमाल समुदायले सोमबार सिरहाको लहानस्थित हटिया बजारमा बिक्रीका लागि राखिएका माटाका भाँडाकुडा सामग्री । प्लास्टिक, स्टिल र अन्य आधुनिक भाँडाकुँडासँगको प्रतिस्पर्धाले माटाका भाँडाको माग घट्दै जाँदा कुमाले समुदायको पुर्ख्यौली पेसा संकट परेको हो । *तस्बिरः रासस*

# ‘आर्थिक विकासमा पुँजी बजारको महत्त्वपूर्ण भूमिका’

■ प्रभाव संवाददाता




**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहले देशको आर्थिक विकास र समृद्धिका लागि पुँजी बजारको महत्त्वपूर्ण भूमिका रहेको बताएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरोकारवाला र नियमनकारी निकायका प्रतिनिधिहरूसँग छलफल गर्दै प्रधानमन्त्री शाहले पुँजी बजारमार्फत उद्यमशीलताको विकास र रोजगारी सिर्जना गर्ने कार्य मुख्य प्राथमिकतामा रहेको बताएका हुन् ।

प्रधानमन्त्री शाहले व्यवसायीलाई उच्च मनोबलका साथ काम गर्न आग्रह गर्दै काम गर्नेलाई प्रोत्साहन र गल्ती गर्ने विरुद्ध शून्य सहनशीलताको नीति अपनाउने सरकारको नीति रहेको स्पष्ट गरे । प्रधानमन्त्रीसमक्ष सरोकारवाला संस्थाका प्रतिनिधिहरूले बजारको दिगो विकासका लागि कानुनी, नीतिगत, संस्थागत र प्रणालीगत सुधारको आवश्यकता रहेको बताए ।

प्रधानमन्त्री शाहसँगको संवादपछि आफूहरू उत्साहित भएको उल्लेख गर्दै उनीहरूले प्रारम्भिक सेयर निष्कासन प्रणालीमा सुधार, दोस्रो बजारमा माग र आपूर्तिलाई सन्तुलन कायम राख्न तथा दैनिक कारोबार रकमलाई रु ३० अर्ब पुर्‍याउने वातावरण मिलाइदिन प्रधानमन्त्रीसँग आग्रह गरे ।

त्यसैगरी, उनीहरूले बैंक तथा वित्तीय संस्थामार्फत ‘मार्जिन’ कारोबारसँग सम्बन्धित ‘ब्रोकर’ कम्पनीलाई कर्जा प्रवाह सहज बनाउन नेपाल राष्ट्र बैंकले आवश्यक कदम चाल्नुपर्ने खाँचो औँल्याए ।

बैंक तथा वित्तीय संस्थाले धितोपत्रमा लगानी गरेपछि कम्तीमा छ महिनासम्म बिक्री गर्न नपाउने विद्यमान व्यवस्था खारेज गर्न तथा सेयर धितो कर्जाको सीमालाई प्राथमिक पुँजीसँग आबद्ध गर्नुको सट्टा कूल कर्जाको पाँच प्रतिशत कायम गर्ने व्यवस्था मिलाइ दिन प्रधानमन्त्रीलाई आग्रह गरे ।

अर्थ मन्त्रालयले व्यक्तिगत कारोबारमा हुने नोक्सानीमा कर समायोजनको व्यवस्था गरिदिनुपर्ने, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषजस्ता ठूला संस्थालाई दोस्रो बजारमा लगानी गर्न प्रोत्साहन गर्नुपर्ने, नेपाल स्टक एक्सचेन्जको रणनीतिक साझेदारसहित पुनःसंरचना तथा गैरआवासीय नेपालीलाई पुँजी बजारमा लगानी गर्ने मार्ग प्रशस्त गरिदिन पनि अनुरोध गरे ।

उक्त छलफलमा स्टक ब्रोकर एसोसिएसन अफ नेपालका अध्यक्ष सागर ढकाल, नासा सेक्युरिटिजका प्रतिनिधि सन्दीप जलान, नेपाल लाइफ इन्स्योरेन्सका प्रतिनिधि नवराज सिलवाल, नागरिक स्टक डिलर कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत महेश्वरलाल श्रेष्ठ, पुँजी बजार समितिका सभापति प्रियराज रेग्मी र लगानीकर्ता अम्बिकाप्रसाद पौडेल सहभागी थिए ।

नियमनकारी निकायका तर्फबाट नेपाल धितोपत्र बोर्डका अध्यक्ष गोपाल भट्टले सरोकारवालाका सुझावलाई आत्मसात् गर्दै बोर्डले आर्थिक वर्ष २०८३/८४ को पुँजी बजार नीति तथा नेपालको पुँजी बजार मार्गचित्र २०८३ लागू गरिसकेको जानकारी दिए ।

नेपाल स्टक एक्सचेन्जका अध्यक्ष अमृत लम्सालले बैंक तथा वित्तीय संस्था, बिमा तथा पुँजी बजार सुधारका लागि आवश्यक ऐनको तर्जुमा तथा संशोधन प्रक्रिया सुरु भइसकेको अवगत गराए । नेप्सेको पुनःसंरचनाका लागि उपयुक्त ढाँचा तयार गरी अघि बढाइने उल्लेख गर्दै उनले धितोपत्र बोर्डद्वारा जारी गरिएका नीतिअनुरूप प्रणालीको विकास गरी धितोपत्र कारोबारलाई थप प्रभावकारी र व्यवस्थित बनाइने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# सेयर बजारमा लगातार उछाल

## ४१ अंकले परिसूचक बढ्दा पाँच अर्बभन्दा बढीको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** सेयर बजारले वृद्धिलाई निरन्तरता दिएको छ । शुक्रबार ७९ अंक बढेको बजार यो साताको सुरुवातको दिन सोमबार ४१.७० अंक (१.५५ प्रतिशत) बढेको छ ।

लगातार दुई कारोबार दिनमै सेयर बजार १२० अंक बढेको छ । सोमबारको वृद्धिसँगै नेप्से परिसूचक २७१९ अंकमा कायम भएको छ । सोमबारको यो अंक एक महिनाकै उच्चतम हो । जेठ २९ गते २७२४ अंकमा रहेको नेप्से त्यसयताकै उच्चतम अंक सोमबार छोएको छ । दिनभरजसो बजार हरियो रह्यो । बन्द हुँदाको नेप्सेको अंक कारोबार अवधिभरको उच्चतम अंक पनि हो । यो सहित लगातार पाँचौं दिन बजार बढेको हो । कारोबार रकम पनि बढेको छ । अघिल्लो दिन अर्थात् शुक्रबार ४ अर्ब ५३ करोडको कारोबार भएकोमा सोमबार ५ अर्ब १५ करोडको भयो । आज २३९ कम्पनीको मूल्य बढ्दा ३२ को घट्यो भने ५ को स्थिर रह्यो ।

उत्पादन तथा प्रशोधन समूह आज सबैभन्दा धेरै ३.२१ प्रतिशत बढ्यो । त्यस्तै अन्य समूह २.८१, जलविद्युत् २.७९, बैंकिङ ०.५५, विकास बैंक १.४८, फाइनान्स ०.९३, होटल तथा पर्यटन १.९८, लगानी १.५५, जीवन बीमा ०.८४, माइक्रोफाइनान्स ०.३७, निर्जीवन बीमा ०.४४ तथा व्यापार समूह १.१४ प्रतिशत बढे ।

हालै सूचीकृत भएको नयाँ कम्पनी एभरेस्ट कलरको मूल्य १५ प्रतिशत बढ्यो । रिजलाइन इनर्जीको १३.९५, श्रीनगर एग्रिटेकको १०.९५, सोलु हाइड्रोपावरको ९.९३, दिव्यश्वरी हाइड्रोपावरको ८.६२, हाथवे इन्भेस्टमेन्टको ८.६१ तथा शिखर पावरको ७.८३ प्रतिशत मूल्य बढ्यो ।

आत्मनिर्भर लघुवित्तको मूल्य ६.८६ तथा कर्पोरेट डेभलपमेन्ट बैंकको मूल्य ६.८५ प्रतिशत घट्यो । सोमबार रकमका आधारमा धेरै कारोबार भएका कम्पनीमा आँखुखोला जलविद्युत्, रिलायन्स स्पिनिङ मिल्स, रिडी पावर, कर्पोरेट डेभलपमेन्ट बैंक, नेसनल हाइड्रोपावर, एसवाई प्यानल, अपी पावर, एनआरएन इन्फ्रास्ट्रक्चर, हिमालय रिइन्स्योरेन्स छन् ।

# विराटनगर आइपुग्यो ‘कार्गो रेल’

**विराटनगर (प्रस)** – भारतको कोलकाताबाट कच्चा पदार्थ बोकेको ‘कार्गो रेल’ सोमबार एकीकृत जाँच चौकी विराटनगर आइपुगेको छ । खानेतेल उत्पादनका लागि आवश्यक औद्योगिक कच्चापदार्थ लिएर यही साउन १ गते हिँडेको ४० कन्टेनरसहितको सो कार्गो रेल सोमबार यहाँ आइपुगेको हो । स्वास्तिक आयलको औद्योगिक कच्चापदार्थ लिई आएको रेललाई विराटनगर भन्सार कार्यालय प्रमुख उमेश श्रेष्ठ, व्यापारी, उद्यमी एवं सर्वसाधारणले स्वागत गरेका थिए ।

नेपाल-भारत पारवहन सम्झौताअन्तर्गत तेस्रो मुलुकबाट आयात हुने मालसामानलाई जोगबनीस्थित भारतीय भन्सार ‘यार्ड’ हुँदै विराटनगर-१८ बुधनगर भेडियारीस्थित नेपाल भन्सार ‘यार्ड’ सम्म ल्याउने व्यवस्था आजदेखि कार्यान्वयनमा आएको छ । यसअघि कोलकातास्थित नेपाली महावाणिज्यदूत ईश्वरराज पौडेल, कोलकाता भन्सार, कोलकाता पोर्ट र भारतीय कन्टेनर निगम लिमिटेड अधिकारीहरूले संयुक्त रूपमा उक्त कार्गो रेललाई बिदाइ गरेको विराटनगर भन्सार कार्यालय प्रमुख श्रेष्ठले जानकारी दिए ।

# बजेट कार्यान्वयन कार्यविधि साउनभित्र तयार गर्न निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थ मन्त्रालयले चालु आर्थिक वर्ष २०८३/८४ को बजेट प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै मन्त्रालय, विभाग, आयोग, प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायलाई विस्तृत मार्गदर्शन जारी गर्दै आवश्यक कार्यविधि, निर्देशिका, मापदण्ड, दिग्दर्शन वा मार्गदर्शन साउन मसान्तभित्र तयार गरिसक्न भनेको छ ।

अर्थ मन्त्रालयद्वारा यही साउन १ गते जारी गरिएको बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनमा स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई बजेट विनियोजन भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि तथा निर्देशिका समयमै तयार गरी स्वीकृत भएको सात दिनभित्र सम्बन्धित निकायको वेवसाइटमा सार्वजनिक गर्नुपर्ने उल्लेख गरिएको छ । यस्ता कार्यविधिले थप आर्थिक दायित्व सिर्जना गर्ने अवस्था भएमा भने अर्थ मन्त्रालयको पूर्वस्वीकृति अनिवार्य हुने व्यवस्था गरिएको छ ।

मार्गदर्शनअनुसार स्वीकृत आयोजना तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक अस्थायी दरबन्दी अर्थ मन्त्रालयको सहमतिमा साउन मसान्तभित्र मन्त्रिपरिषद्बाट स्वीकृत गरिसक्नुपर्नेछ । साथै, बहुवर्षीय दायित्व सिर्जना हुने आयोजना तथा कार्यक्रमको खरिद प्रक्रिया मध्यमकालीन खर्च संरचनाको सीमाभित्र रहेर मात्रै अघि बढाउन निर्देशन दिइएको छ ।

अर्थ मन्त्रालयले वैदेशिक ऋण वा अनुदान सम्झौता प्रभावकारी नभएसम्म त्यस्ता आयोजनाका लागि छुट्याइएको वैदेशिक स्रोत र नेपाल सरकारको ‘म्याचिङ फण्ड’ खर्च शीर्षकगत आधारमा रोक्का रहने स्पष्ट गरेको छ । पूर्वप्रभावी वित्तीय (रेट्रोएक्टिभ फाइनान्सिङ) सम्झौता भएका आयोजनामा भने मन्त्रालयको सहमतिमा भुक्तानी दिन सकिने व्यवस्था गरिएको छ ।

बजेट सहयोगतर्फ विनियोजन गरिएको रकम समयमै प्राप्त नभए नेपाल सरकारको स्रोतबाट अस्थायी रूपमा हिसाब मिलान गर्ने व्यवस्था गरिएको छ । नयाँ आयोजना तथा कार्यक्रमको हकमा भने वित्तीय सम्झौता प्रभावकारी भएको सुनिश्चित भएपछि मात्र खर्च गर्न निर्देशन दिइएको छ ।

वैदेशिक सहायता प्राप्त आयोजनाहरूलाई नियमित रूपमा सोधभर्ना माग गर्न र आयोजना व्यवस्थापन कार्यालयले सोधभर्नासम्बन्धी विवरण महालेखा नियन्त्रक कार्यालय तथा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा अनिवार्य रूपमा पठाउनुपर्ने व्यवस्था गरिएको छ ।

निर्धारित समयभित्र सोधभर्ना प्रक्रिया सुरु नगरे अर्को त्रैमासिकको निकासा रोकिने र समयमै सोधभर्ना माग नगर्ने आयोजना प्रमुख तथा लेखा प्रमुखलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम कारबाही गरिने गनि बजेट कार्यान्वयन मार्गदर्शनमा उल्लेख छ ।

> ▸▸ अर्थ मन्त्रालयद्वारा यही साउन १ गते जारी गरिएको बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनमा स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई बजेट विनियोजन भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि तथा निर्देशिका समयमै तयार गरी स्वीकृत भएको सात दिनभित्र सम्बन्धित निकायको वेवसाइटमा सार्वजनिक गर्नुपर्ने उल्लेख गरिएको छ ।

अर्थ मन्त्रालयले विनियोजित बजेटको सीमाभित्र रहेर मात्रै कार्यक्रम सञ्चालन गर्न र मन्त्रालयको सहमतिविना कुनै पनि थप आर्थिक दायित्व सिर्जना नगर्न भनेको छ । विपद्, मन्त्रिपरिषद्को विशेष निर्णय वा असाधारण अवस्थाबाहेक पहिलो त्रैमासिकमा थप बजेट निकासा माग गर्न नपाइने उल्लेख गरिएको छ ।

मार्गदर्शनमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार एउटै अनुदान संकेतभित्र चालु खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार लेखा उत्तरदायी अधिकृतलाई रहने व्यवस्था कार्यान्वयन गर्न भनिएको छ । कर्मचारी पारिश्रमिक, पदाधिकारी सुविधा, सामाजिक सुरक्षा लगायतका विभिन्न खर्च शीर्षकमा आवश्यक रकमान्तर तथा गतिविधि संशोधन पनि सम्बन्धित लेखा उत्तरदायी अधिकृतले गर्न सक्ने व्यवस्था गरिएको छ ।

अर्थ मन्त्रालयले नियमित संरचनाबाट सम्पन्न गर्न नसकिने अवस्थामा बाहेक परामर्श सेवा नलिन निर्देशन दिएको छ । ठूला तथा जटिल आयोजनाबाहेक सुपरिवेक्षण परामर्शदाताको सेवा पनि नलिन भनिएको छ । ऐन, नियम, नीति, कार्यविधि वा मापदण्डको मस्यौदा तयार गर्नसमेत परामर्श सेवा प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ । पानी, बिजुली, सञ्चार महसुल, इन्धन, कार्यालय सामग्री, भ्रमण, तालिम, गोष्ठी तथा अन्य प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाउन र सार्वजनिक खर्चलाई प्रभावकारी बनाउन जोड दिइएको छ ।

विनियोजित बजेटबाट नयाँ चारपाङ्ग्रे सवारीसाधन खरिद गर्नुअघि अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ । वैदेशिक भ्रमणका लागि पनि मन्त्रालयको पूर्वस्वीकृति अनिवार्य गरिएको छ ।


सरकारी कार्यालय सञ्चालनका लागि खाली रहेका सरकारी भवनलाई प्राथमिकता दिन र सरकारी भवन उपलब्ध नभए मात्र मुख्य व्यापारिक केन्द्रभन्दा बाहिरका न्यूनतम सुविधा भएका भवन भाडामा लिन निर्देशन दिइएको छ ।

सरकारी कोषको प्रभावकारी उपयोगका लागि सबै निकायलाई मासिक नगद योजना तयार गरी अर्थ मन्त्रालयमा पठाउन भनिएको छ । एक अर्ब रूपैयाँभन्दा बढीको भुक्तानी गर्नुपर्ने भए सात दिनअघि नै मन्त्रालयलाई जानकारी गराउनुपर्ने व्यवस्था गरिएको छ ।

आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिनअघि नै भुक्तानी प्रक्रिया पूरा गरी खर्चको लेखा अद्यावधिक गर्न तथा खर्च नभएको अनुदान रकम समयमै फिर्ता हुने व्यवस्था मिलाउनुपर्ने बजेट कार्यान्वयन मार्गदर्शनमा उल्लेख छ ।

बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी उपलब्धि सूचकसहितको प्रगति विवरण, कार्यान्वयनका समस्या र समाधानका उपाय राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयमा पठाउन भनिएको छ । प्रत्येक दुई महिनामा हुने बजेट कार्यान्वयन समीक्षा बैठकमा अनिवार्य सहभागी हुन पनि भनिएको छ । साथै, आयोजना तथा कार्यक्रम कार्यान्वयनका क्रममा उत्पन्न हुन सक्ने वित्तीय जोखिमको मूल्याङ्कन गरी जोखिम न्यूनीकरणका उपाय अपनाउन, ठूला पूर्वाधार आयोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न तथा पुँजीगत खर्च सुधारलाई प्राथमिकतामा राख्न मन्त्रालयले जोड दिएको छ ।

# लोकप्रिय बन्दै जिडब्लुएमको विद्युतीय ब्याट्री




**काठमाडौं (प्रस)–** नेपालमा जिडब्लुएम कम्पनीको विद्युतीय ब्याट्रीले बजारमा बलियो उपस्थिति जनाएको छ । विश्वभर विद्युतीय सवारीसाधनको प्रयोग बढ्दै जाँदा ब्याट्रीको सुरक्षा, कार्यक्षमता र विश्वसनीयता ग्राहकहरूको सबैभन्दा ठूलो प्राथमिकता बन्न थालेको हो ।

धेरैजसो अटोमोबाइल कम्पनीहरूले तेस्रो पक्षबाट ब्याट्री खरिद गर्ने भए पनि, जिडब्लुएम विश्वका थोरै अटोमोबाइल उत्पादकमध्ये एक हो, जसले आफ्नै भगिनी कम्पनी एसभोल्ट इनर्जीमार्फत ब्याट्रीको अनुसन्धान, विकास र उत्पादन गर्दै आएको छ । यही कारण जिडब्लुएमले आफ्नो ब्याट्री प्रविधिको गुणस्तर, सुरक्षा र विश्वसनीयतामाथि पूर्ण नियन्त्रण कायम गर्न सफल भएको छ । नेपालमा हालै सार्वजनिक भएको जिडब्लुएम ओरा इभी एसयूभीमा प्रयोग गरिएको ड्रागन अर्मर ब्याट्री पनि जिडब्लुएम अन्तर्गतको अत्याधुनिक ब्याट्री निर्माता कम्पनी एसभोल्टले विकास तथा उत्पादन गरेको हो। वर्षौंको अनुसन्धान र प्रविधि विकासपछि तयार गरिएको यो ब्याट्रीले आगो र पानी प्रतिरोधी उच्च सुरक्षा, लामो ड्राइभिङ रेन्ज, फास्ट चार्जिङ क्षमता तथा उत्कृष्ट कार्यसम्पादनलाई एउटै प्लेटफर्ममा समेटेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ